# शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह (एम.एड.)

दोस्रो बर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको

आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि

तयार गरिएको

## शोधपत्र


## शोधकर्ता

यादव प्रसाद अधिकारी

क्याम्पस रोल नं. : ७७/०६५/०६६

परीक्षा रोल नं. : २१४०१००

रजिष्ट्रेसन नं. : ६-१-२०२-३८३-२००२


## प्रस्तुत


सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

ईन्द्रपुर. ४, मोरङ्ग



चैत्र, २०६९

फोन : ०२१-४६४६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-४६४७१७

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम

Degree Programme (M.Ed.)

पत्र सङ्ख्या :

चलानी नम्बर : मिति ..................

विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्र यादवप्रसाद अधिकारीले शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव शीर्षकको शोध-पत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । वहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

खगेन्द्रप्रसाद लुईटेल

शोध निर्देशक

मिति : २०६९/११/१०

☎ : ०२१-४४४६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-४४५७१७

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०३८

## स्नातकोत्तर कार्यक्रम
## Degree Programme (M.Ed.)

पत्र संख्या :
चलानी नम्बर : मिति ..........................

विषय : स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शिक्षा शास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र यादवप्रसाद अधिकारीले उक्त तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको **शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव** शीर्षकको शोध पत्र यस शोधपत्र मुल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | |
| २. | खगेन्द्रप्रसाद लुईंटेल | शोध निर्देशक | |
| ३. | प्रा.डा. अरबिन्द लाल भोमी | बाह्य परीक्षक | |

मिति : २०६९/१२/१०

# कृतज्ञता ज्ञापन

प्रस्तुत **शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव** शीर्षकको शोधपत्र त्रि.वि. शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गरिएको हो । यस शोधपत्र लेखनका लागि हौसला प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका प्रमुख पित कुमार श्रेष्ठ, स्नातकोत्तर कार्यक्रम संयोजक लक्ष्मी कुमार श्रेष्ठ प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखन कार्यमा आरम्भदेखि अन्त्य सम्म नै निरन्तर रुपमा मार्ग दर्शन गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका उपप्राध्यापक मेरा आदरणिय गुरु श्री खगेन्द्र प्रसाद लुइटेल प्रति आभार ब्यक्त गर्दछु । शोधपत्र लेखनमा आइपरेका विविध समस्याहरु समाधान गर्न सहयोग गर्नुहुने सुकुना बहुमुखी क्याम्पसका लाईवेरी प्रमुख देवराज गिरीको सहयोगलाई भुल्न सक्दिन । यसैगरी शोधपत्र लेखन कार्यका लागि विविध सन्दर्भ सामग्री उपलब्ध गराइ सहयोग गर्नुहुने जनता बहुमुखी क्याम्पस, इटहरीका उपप्राध्यापक विमल नेपाल प्रति कृतज्ञ छु । यस्तै मलाई एम.एड. अध्ययन गर्दा सहयोग गरि यो अवस्था सम्म पुऱ्याउनु हुने मेरा आदरणिय गुरुहरु अशोक बस्नेत, केशव भट्टराई, योजना शर्मा प्रति आभार ब्यक्त गर्दछु । अध्ययनका क्रममा परदेशीको रुपमा बसोवास गर्दा रमाइलो वातावरण सृजना गरी निरन्तर रुपमा अध्ययनमा प्रोत्साहन गर्ने मेरा सहयात्री मित्रहरु भवानी निरौला, कृष्ण खनाल, जीवन दाहाल खगेन्द्र अधिकारी, योगराज पौडेल र भवनी रेग्मी प्रति कृतज्ञ छु । यस्तै अध्ययनका क्रममा निरन्तर रुपमा सहयोगी रहि रहने मेरा मित्रहरु दिपा तिम्सिना, रेविका वाग्ले, टंक अधिकारी र तिर्थबहादुर भुजेल प्रति आभारी छु ।

यस्तै घरायसी विविध समस्याका वावजुद पनि अध्ययन कार्यमा निरन्तर रुपमा लाग्न प्रेरित गर्नुहुने मेरा हजुरवुवा, हजुरआमा, बुवा, आमा, दाजु भाउजु, दिदी भिनाजु र भाइ बहिनी प्रति आभारी छु । यस्तै अध्ययनका क्रममा आवश्यक पर्ने सम्पूर्ण सूचनाहरु उपलब्ध गराई सहयोग गर्नुहुने गौरादह स्रोतकेन्द्रका स्रोतब्यक्ति श्री गणेश पौडेल र अध्ययनका

क्रममा नमूना छनौटमा परेका स्कूलचौन उ.मा.वि. का प्र.अ. बाबुराम भण्डारी र भद्रकाली उ.मा.वि. का प्र.अ. रेवलाल श्रेष्ठ र अन्य विद्यालयका वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक र विद्यार्थी समेतलाई धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र लेखनमा सहयात्री बन्नु भएका स्कूलचौन उ.मा.वि. का शिक्षक तिलबहादुर वस्नेत प्रति आभार व्यक्त गर्दछु । यस शोधपत्रको भाषागत तथा व्याकरणीक शुद्धता हेरी सहयोग गर्नुहुने गौरादह बहुमुखि क्याम्पसका सहायक क्याम्पस प्रमुख खगेन्द्र न्यौपाने र स्कूलचौन उ.मा.वि. का शिक्षक सीताराम नेपाल यस्तै विविध अंग्रेजी शब्दहरु नेपालीमा रुपान्तरण गरिदिनुहुने गौरादह बहुमुखी क्याम्पसका उप-प्राध्यापक गायत्री न्यौपाने प्रति कृतज्ञ छु । मेरो यस शोधपत्रलाई कम्प्यूटर टाईप गरी सहयोग गर्नुहुने एडव कम्प्यूटर इष्टिच्यूट, कोहबरा २ का मेरा आदरणिय काका विमल भण्डारी प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यादव प्रसाद अधिकारी

# शोधशार

यो शोधपत्र **शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव** शीर्षक राखि तयार गरिएको छ । यसको मुख्य उद्देश्य कक्षाकोठा व्यवस्थापनल शिक्षण सिकाइमा पारेको प्रभाव पत्तालगाउनु रहेको छ । यो शोधपत्र झापा जिल्लाको गौरादह स्रोतकेन्द्र अन्तरगतका ५ वटा विद्यालयहरु मध्ये मा.वि.हरुको पनि प्राथमिक तह र अन्य प्राथमिक विद्यालयहरुमा सिमित रहेको छ । यस शोधपत्रमा तथ्याङ्कहरु ब्याख्या र विश्लेषण गर्नका लागि संख्यात्मक र गुणात्मक दुबै किसिमका विधिहरुको प्रयोग गरिएको छ । जनसंख्याको रुपमा गौरादह स्रोतकेन्द्र अन्तर्गतका २० वटा विद्यालयहरुलाई लिइएको छ । नमूनाका लागि ५ वटा बिद्यालयहरुलाई लिइएको छ । अध्ययनलाई पूरा गर्नका लागि उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरिएको छ । नमूना छनौटमा परेका विद्यालयहरु मध्ये प्रत्येक विद्यालयबाट बि. व्य. स. अध्यक्ष ५ जना, शिक्षक १५ जना, विद्यार्थी १० जना, प्र.अ. ५ जना र स्रोतव्यक्ति १ जनालाई लिइएको छ । यस अध्ययन पूरा गर्नका लागि प्राथमिक र द्बितिय २ प्रकारका स्रोतहरु प्रयोग गरिएको छ ।

यो शोधपत्रलाई पूरा गर्ने क्रममा नमूना छनौटमा परेका विद्यालयहरुको स्थलगत अवलोकन गर्दा कक्षाकोठामा विद्यार्थी संख्या अनुसारका डेक्सवेञ्च नभएको, सवै विद्यालयहरुले लेख्नका लागि कालोपाटी नै प्रयोग गर्ने गरेको, कक्षाकोठाको छानो टीनको भएकाले गर्दा गर्मीमा तात्ने र जाडोमा शीत पर्ने, कक्षाकोठाको वातावरण फोहोर भएको र कक्षाकोठामा प्रकाशको पर्याप्तता कममात्र भएको र विद्यार्थीको उमेर र उचाइ अनुसारका डेक्सवेञ्चहरु कम मात्र पाइएको छ । कक्षाकोठामा विषयकुनाको अवस्था कमजोर, शैक्षिक अनुशासनको अवस्था न्यून, पाठ्यपुस्तक सुरक्षाकोलागि उचित व्यवस्थापन नभएको पाइएको छ ।

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउनका लागि कक्षाकोठामा आवश्यक पर्ने सम्पूर्ण कुराहरुको व्यवस्थापन गर्नु पर्ने, विद्यार्थीहरुको उमेर अनुसारका डेक्सवेञ्च, कक्षाकोठामा प्रकाशको पर्याप्तता, शैक्षिक सामग्रीको सही व्यवस्थापन, विषयकुनाको व्यवस्था, शैक्षिक अनुशासन नभएका कक्षाकोठामा शैक्षिक अनुशासन कायम राख्ने, विद्यार्थीको वसाइ आधुनिक बनाउनु पर्ने, पाठ्यपुस्तकको सुरक्षाकालागि उचित व्यवस्थापन गर्नुपर्ने, विषयगत विषयकुनाको व्यवस्थापन गर्नुपर्ने र कक्षाकोठाको नियमित सरसफाइ गर्नुपर्ने जस्ता सुझावहरु दिइ यस शोधपत्रलाई पूरा गरिएको छ ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारीस पत्र | |
| स्वीकृती पत्र | |
| कृतज्ञता ज्ञापन | |
| शोधशार | |
| तालिका सूची | |
| संक्षिप्त शब्दहरुको पूरा रुप | |
| **परिच्छेद एक : परिचय** | **१-१०** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्यहरु | ९ |
| १.५ अध्ययनको परिसीमा | ९ |
| १.६ अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.७ मूख्य शब्दहरुको अर्थ | १० |
| **परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन  र सैद्धान्तिक खाका** | **११-१७** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ सैद्धान्तिक खाका | १४ |
| २.३ सम्बन्धित साहित्यको पूनरावलोकनको उपादेयता | १६ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **१८-२१** |
| ३.१ अनुसन्धानको ढाँचा | १८ |
| ३.२ जनसंख्या | १८ |
| ३.३ नमूना छनौट | १९ |
| ३.३.१ नमूनाको आकार | १९ |
| ३.३.२ नमूना छनौट विधि | १९ |
| ३.३.३ नमुना छनौटको आधार | १९ |
| ३.४ अनुसन्धानका साधनहरु | २० |
| ३.५ तथ्याङ्कका स्रोतहरु | २० |
| ३.६ तथ्याङ्क संकलन विधि | २१ |

३.७ तथ्याङ्क विश्लेषण विधि २१
**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण २२-५०**
४.१ कक्षाकोठा व्यवस्थापनको अवस्था २२
४.१.१ फर्निचरको अवस्था २३
४.१.२ कक्षाकोठाको क्षेत्रफल २४
४.१.३ कक्षाकोठामा प्रकाशको अवस्था २५
४.१.४ कक्षाकोठाको सरसफाइ २६
४.१.५ कक्षाकोठाको वनावट २७
४.२ शिक्षण सिकाइ क्रियाकलापको स्थिति २८
४.२.१ शैक्षिक सामग्री व्यवस्थापनको अवस्था ३०
४.२.२ पाठ्यपुस्तको सुरक्षा ३१
४.२.३ कालोपाटी रखाइको अवस्था ३२
४.२.४ विद्यार्थी बसाइको अवस्था ३३
४.२.५ शैक्षिक अनुशासन ३४
४.२.६ विषयकुनाको अवस्था ३५
४.२.७ कक्षाकोठाको सजावट ३७
४.२.८ विद्यार्थी बसाइ व्यवस्थापन ३८
४.३ कक्षाकोठा व्यवस्थापनले सिकाइमा पारेको प्रभाव ३९
४.४ कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या तथा समाधानका उपायहरू ४२
**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू ५१-५७**
५.१ प्राप्ति ५१
५.२ निष्कर्ष ५२
५.३ सुझावहरू ५३
**सन्दर्भ सामग्रीहरू ५८**
**अनुसूचीहरू**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| १ | कक्षाकोठामा फर्निचरको अवस्था | २३ |
| २ | कक्षाकोठाको क्षेत्रफल | २४ |
| ३ | कक्षाकोठामा प्रकाशको अवस्था | २५ |
| ४ | कक्षाकोठाको सरसफाइ | २६ |
| ६ | कक्षाकोठाको वनावट | २७ |
| ८ | शिक्षण सिकाइ क्रियाकलापको स्थिति | २९ |
| ९ | शैक्षिक सामग्री व्यवस्थापनको अवस्था | ३० |
| १० | पाठ्यपुस्तकको सुरक्षा | ३१ |
| ११ | कलोपाटी रखाइको अवस्था | ३२ |
| १२ | विद्यार्थी वसाइको अवस्था | ३३ |
| १३ | शैक्षिक अनुशासन | ३५ |
| १४ | विषयकुनाको अवस्था | ३६ |
| १५ | कक्षाकोठा सजावट | ३७ |
| १६ | विद्यार्थी व्यवस्थापनको अवस्था | ३८ |

# संक्षिप्त शब्दावलीहरुको पूरा रुप

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |

# परिच्छेद एक : परिचय

## १.१. पृष्ठभूमि

आफू वा आफू भित्र रहेको ज्ञान, सीप तथा धारणालाई सहज रूपमा सिकारू भित्र प्रदान गरी सिकारूको व्यवहारमा परिवर्तन गर्नु गराउनु नै सिकाइ हो । व्यक्तिले आफूले सिकेर जानेका कुराहरू सिकारू समक्ष सहज रूपमा सहज तरिकाले सहज वातावरणमा प्रदान गर्नु नै सिकाइ हो । मानिस जन्मेदेखि नमरेसम्म निरन्तर रूपमा सिकिरहन्छ । सिकाइ निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । सिकाइ हुनको लागि व्यक्तिको व्यवहारमा परिवर्तन आउनुपर्छ । सिकाइको ऐतिहासिक पृष्ठभूमीलाई केलाएर हेर्ने हो भने पहिले आफूभन्दा ठूलाले सानालाई जानेका कुराहरू सिकाउने चलन थियो । जस अन्तरगत बाबुले छोरालाई र आमाले छोरीलाई सिकाउने चलन थियो । त्यसै गरी मठ, मन्दिर, चैत्य, गुम्बा आदि स्थानमा गएर गुरूहरूकै निगरानीमा शिष्यहरूले सिक्ने प्रचलन थियो । कक्षाकोठा व्यवस्थापनको अवस्थालाई हर्ने हो भने सन् १९८१ को दशकमा US को राष्ट्रिय शैक्षिक प्रतिवेदनका अनुसार ३६% शिक्षकहरूले कक्षाकोठा व्यवस्थापनमा अनविज्ञ रहेको पाइयो । जसले गर्दा विद्यार्थीमा समेत यस सम्बन्धी गलत धारणाको विकाश पाइयो ।

यसरी माथिको भनाइलाई गहन अध्ययन गर्दा कक्षाकोठाको व्यवस्थापन सम्बन्धमा शिक्षकहरू अनविज्ञ रहेकाले गर्दा विद्यार्थीमा समेत सकारात्मक धारणाको विकास हुन नसकेको देखिन्छ ।

धेरै शिक्षकहरूको धारणामा कक्षाकोठा व्यवस्थापन भन्नाले कक्षाकोठामा पठन-पाठन सुचारू रूपले चल्नु हो । यहाँनेर विद्यार्थीको हल्ला गर्ने कुरालाई लिइएको हुँदा कक्षाकोठा व्यवस्थापनले अर्को पठन-पाठनलाई अवरूद्ध पार्ने र असर पुऱ्याउने गतिविधीको रोकथामलाई पनि संकेत गर्दछ । यो कार्य बहुसंख्य शिक्षककालागि कठीन कार्य हो ।

१९८१ मा राष्ट्रिय शैक्षिक समन्वयले जनाए अनुसार प्रस्तुत गरे अनुसार ३६% शिक्षकले आज फेरि शैक्षिक कार्यमा फिर्नुपरे नफिर्ने मनसाय प्रकट गरेका थिए जुन कक्षाकोठा व्यवस्थापनको असफलतासँग जोडिएको थियो । कक्षाकोठा व्यवस्थापन उत्प्रेरणा अनुसार आफूलाई आदर गर्ने कुरासँग नजिकबाट सम्बन्धित छ । यसका लागि कुन तरीका उपयुक्त हुन्छ भन्ने कुरा धेरै शिक्षकहरूका लागि एउटा बहसको विषय बन्ने गरेको छ । विभिन्न पद्धतीहरू र यो सँग सम्बन्धित तरीकाहरू र कक्षाकोठा व्यवस्थापन शिक्षकहरूको शैक्षिक मनोविज्ञान सम्बन्धि धारणा अनुसार फरक फरक पाइने गरेको छ (के-७, २००८ पेज नं. ३६) ।

परम्परावादी कक्षाकोठा व्यवस्थापन सम्बन्धि धारणा विद्यार्थीहरूको व्यवहार परिवर्तनमा जोड दिने गरिएको पाइन्छ भने धेरैले फेरि व्यवहार परिवर्तनले मात्र समग्र कक्षाकोठा व्यवस्थापनमा खासैठूलो सहयोग नगर्ने धारणा राखेको पाइन्छ, अर्को तर्फ धेरै शिक्षकहरूले शैक्षिक सत्रको सुरूमा बनाइने अनुशासन सम्बन्धि नियमलाई कक्षाकोठा व्यवस्थापन सहयोगी ठान्छन र लागू गर्दछन् (के ६-,२००८ पेज नं. ३६) ।

माथिका भनाइका आधारमा कक्षाकोठा व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न व्यक्तिहरू पनि पहिले पहिले यससँग अनविज्ञ रहेको पाइन्थ्यो कतिपयले विद्यार्थीको व्यवहार परिवर्तनलाई मात्र कक्षाकोठा व्यवस्थापनमा जोड्ने गरेको पाइन्थ्यो भने अर्का थरिले कक्षाकोठा व्यवस्थापनले सिकाइमा सहयोग नगर्ने धारणा व्यक्त गरेको पाइन्छ । कक्षाकोठाको सहजकर्ताको रूपमा रहने शिक्षकले त यसलाई झन साँघुरो दृष्टिकोणबाट शैक्षिक शत्रको शुरूमा बनाइने अनुशासन सम्बन्धि नियमलाई मात्र बुझ्नेगरेको पाइन्छ तर कक्षाकोठा व्यवस्थापन भनेको विद्यार्थीको व्यवहार परिवर्तन, सिकाइको लागि सहयोग नगर्ने स्थान र शैक्षिक शत्रको शुरूमा बनाइने नियममात्र नभएर पाठ्यक्रमले तोकेका निर्धारित उद्देश्यहरू परिपूर्ति गर्नका लागि विद्यालयको कक्षाकोठा भित्र रही शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक पर्ने (कक्षाकोठाको आकार, कालोपाटी

रखाईको अवस्था, विद्यार्थीको बसाइ, शैक्षिक सामग्रीको प्रबन्ध, पाठ्यपुस्तकको सुरक्षा र प्रकाशको पर्याप्तता) कुराहरू पर्दछन् । उक्त कुराहरूको सही व्यवस्थापन भएमा कक्षाकोठाको व्यवस्थापन मजवुत हुन्छ र शिक्षण सिकाइ क्रियाकलाप पनि सहज तरीकाले सम्पन्न गर्न सकिन्छ ।

यसरी पहिले पहिले कक्षाकोठा सम्बन्धि धारणालाई सङ्कुचित अर्थमा लिइने गरिन्थ्यो भने समयको विकासक्रमसँगै कक्षाकोठा व्यवस्थापनको सोच तथा धारणामा परिवर्तन आएको छ ।

समयको विकासक्रमसँगै सिकाइको अवधारणा र व्यवहारमा परिवर्तनका लागि विद्यार्थीहरूको ईच्छा, चाहना तथा आवश्यकताहरूलाई ख्याल गर्दै  विद्यार्थी केन्द्रित विधिवाट शिक्षण गर्नु पर्छ भन्ने अवधारणा विकास हुँदै आयो । जसअनुसार वर्तमान समयमा विद्यार्थी केन्द्रित शिक्षण विधिलाई अवलम्वन गर्दै शिक्षण गर्न थालिएको छ । शिक्षण सिकाइ प्रक्रियालाई सहज रूपमा सम्पन्न गर्नका लागि कक्षाकोठाको महत्वपूर्ण भूमिका रहन्छ । कक्षाकोठामा नै सिक्ने र सिकाउने काम भइरहन्छ । यसकालागि कक्षाकोठाको वातावरण समेत अनुकूल हुनपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सहज रूपमा सञ्चालन गर्नका लागि कक्षाकोठामा विद्यार्थीका लागि बसाइ लगायत सम्पूर्ण कुराहरूको उचित व्यवस्थापन हुनुपर्दछ । यस्ता कुराहरूको सिकाइमा महत्वपूर्ण भूमिका रहन्छ । कुनै पनि कक्षाकोठाको शैक्षिक उपलब्धि मापन गर्नका लागि कक्षाकोठा व्यवस्थापनको अवस्थालाई अवलोकन गर्नुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको अवस्थामा कक्षाकोठाको अवस्था राम्रो भएमा त्यस्तो अवस्थामा सिकाइ राम्रो हुन्छ । विद्यार्थीको बसाइ, उमेर अनुसारका डेक्सवेञ्च, कक्षाकोठाको सजावट आदि पक्षहरूको उचित व्यवस्थापन भएमा शिक्षकले शिक्षण गर्दा निश्चित समयमा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सक्छ । त्यसैले विद्यालय प्रशासनले कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिनु जरूरी छ । यदि उक्त पक्षहरूको सही व्यवस्थापन नभएमा त्यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिदैन ।

नेपालको सन्दर्भमा कक्षाकोठा व्यवस्थापनको अवस्थालाई अध्ययन गर्ने हो भने शिक्षण सिकाइ सम्बन्धिका सम्पूर्ण क्रियाकलापहरू कक्षाकोठामा नै हुने गर्दछन् । यसकारणले गर्दा सिकाइलाई प्रभावकारी रूपमा अगाडि बढाएर लैजानका लागि कक्षाकोठासँग सम्बन्धित सबै पक्षलाई ध्यान दिनु पर्दछ (शिक्षक मासिक २०६७, श्रावण ) ।

शैक्षिक उपलब्धि मापन गर्नका लागि कक्षाकोठाको व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले गर्दा कक्षाकोठाका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूको व्यवस्थापन गर्न सकेमा मात्र शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ र पाठ्यक्रमका निर्देशित लक्ष्य प्राप्त गर्न सकिन्छ ।

परम्परागत मान्यता अनुसार कक्षाकोठा व्यवस्थापन भन्नाले विद्यार्थीको नियन्त्रण र कडा अनुशासन कायम गर्ने कुरालाई संकेत गरेको पाइन्छ । विद्यार्थी कक्षाकोठामा शान्त र चुपचाप बसेर शिक्षकले भनेका कुरा सुन्ने खालको मान्यता परम्परागत कक्षाकोठा व्यवस्थापनले राख्ने गर्दथ्यो । विषयवस्तु र त्यस सम्बन्धि धारणा विद्यार्थीमा अर्थपूर्ण ढंगले पुऱ्याउनका लागि कक्षाकोठालाई व्यवस्थित गर्नु पर्दछ । शिक्षण सिकाइका लागि विद्यार्थीका क्रियाकलाप व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षण सिकाइका लागि अनुकूल भौतिक प्रवन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो ।

कक्षाकोठा व्यवस्थापनको दर्शनशास्त्रीय पृष्ठभूमिलाई केलाएर हेर्दा कक्षाकोठा सिकाइका लागि प्रमुख स्थान भएको मानिन्छ । शिक्षण सिकाइलाई सहज रूपमा सम्पन्न गर्नका लागि कक्षाकोठालाई नै मान्दै आएको छ । कक्षाकोठाको व्यवस्थापन राम्ररी हुन सकेमा मात्र सिकाइ क्रियाकलाप राम्ररी सञ्चालन हुने कुरा विभिन्न दर्शनहरूले उल्लेख गरेको पाइन्छ । शिक्षकलाई सिकाउन र विद्यार्थीलाई सिक्नका लागि उपयुक्त स्थान रहनु पर्दछ भन्ने मान्यताका आधारमा कक्षाकोठा व्यवस्थापनको दार्शनिक आधार पाइन्छ । कक्षाकोठा व्यवस्थापनको वातावरण राम्रो भएमा मात्र त्यस्तो अवस्थामा शिक्षण सिकाइ प्रक्रिया सहज एवं प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ (शर्मा र शर्मा, २०६५) ।

कक्षाकोठाको ऐतिहासिक पृष्ठभूमिलाई केलाएर हेर्ने हो भने शिक्षकले आफू अनुकूल विद्यार्थीलाई एक ठाउँमा राखेर अध्यापन गराउने गरिन्थ्यो । पहिलेका कक्षाकोठाहरू अवैज्ञानिक तथा असाधारण खालका हुन्थे जसमा सिक्न सिकाउनका लागि अप्ठेरो स्थिति भएता पनि त्यस्तो अवस्थामा कुनै ठोस निकास नभएको अवस्था थियो ।

कुनै पनि संस्थालाई सही रूपमा सञ्चालन गर्नका लागि त्यसको व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । विद्यालय पनि सामाजिक संस्था भएकाले गर्दा विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक व्यवस्थापनको उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने स्थान कक्षाकोठा नै हो । कक्षाको व्यवस्थापन राम्रो हुन सकेमा मात्र पाठ्यक्रमले अपेक्षा गरेका शैक्षिक उद्देश्य हासिल गर्न सहयोग पुग्दछ ।

शिक्षण सिकाइ क्रियाकलाप कक्षाकोठामा गरिने भएकाले गर्दा कक्षाकोठाको व्यवस्थित व्यवस्थापनले शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्दछ । शिक्षाका उद्देश्य लगानी आदि राम्रो भएर पनि सही र प्रभावकारी ढंगबाट कक्षा व्यवस्थापनमा ध्यान दिन सकिएन भने उद्देश्य प्राप्ति हुदैन । शिक्षण योजना जति राम्रो भए पनि कक्षा व्यवस्थापन राम्रो नभएमा सिकाइ प्रभावकारी बन्दैन । कक्षा व्यवस्थापन राम्रो भएमा मात्र शिक्षण सिकाइ प्रभावकारी बन्ने भएकाले गर्दा शिक्षकले शिक्षण गर्नु अघि कक्षा व्यवस्थापनमा जोड दिनुपर्दछ । (वस्नेत र श्रेष्ठ २०६१) ।

शिक्षण सिकाइको कार्यथलो भनेको कक्षाकोठा हो । जवसम्म कक्षाकोठालाई विद्यार्थीका लागि उपयुक्त बनाउन सकिदैन तवसम्म अर्थपूर्ण सिकाइ हुदैन । सिक्नका लागि उपयुक्त वातावरणको आवश्यकता पर्दछ । कक्षाकोठा भित्र सिक्नका लागि उपयुक्त वातावरण सिर्जना गर्ने कार्य नै सही अर्थमा कक्षाकोठा व्यवस्थापन हो ।

त्यस्तै कक्षाकोठा व्यवस्थापन पनि शिक्षण सिकाइको उद्देश्य प्राप्तिका लागि अति महत्वपूर्ण प्रक्रिया हो । यस भित्र योजना, संगठन, नियन्त्रण, समन्वय, प्रभावकारी सञ्चार

आदि कुरा पर्दछन् । पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य कक्षाकोठा भित्र गरिने शिक्षक विद्यार्थी क्रियाकलापका माध्यमबाट प्राप्त गर्न कक्षाकोठा व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ ।

कक्षाकोठा व्यवस्थापन राम्रो नभएको खण्डमा सिकाइ अर्थपूर्ण हुदैंन । सिकाइ अर्थपूर्ण नभएमा शिक्षक र विद्यार्थी दुवैको प्रयास व्यर्थ हुन्छ । यसरी प्रयास खेरजानु भनेको त्यस कक्षाकोठामा शिक्षक र विद्यार्थीले प्रयोग गरेको लगानी खेरजानु हो । विद्यार्थी र शिक्षकले प्रयोग गरेको लगानी खेरजानु भनेको अभिभावक र सरकारको लगानी पनि खेरजानु हो । तसर्थ शिक्षक विद्यार्थी अभिभावक र सरकारको लगानी खेरजान नदिने काममा उपयुक्त कक्षा व्यवस्थापनले सघाउँछ । त्यस्तै कक्षाकोठा व्यवस्थापन राम्रो भएमा शिक्षक विद्यार्थी बिचको सम्बन्ध दरिलो हुनपुग्छ । यसबाट कक्षामा सहयोगात्मक वातावरण सृजना भई प्रभावकारी सिकाइमा सहयोग पुग्दछ ।

त्यसैले कक्षाकोठा व्यवस्थापनलाई व्यवहारिक, सिकाइ अनुकूल र वैज्ञानिक बनाउन शिक्षकले धेरै मेहनत गर्न आवश्यक हुन्छ । यस्तो कार्य शिक्षकले एक्लैको प्रयासले मात्र गर्न कठिन हुन्छ । उपयुक्त कक्षाकोठा व्यवस्थापनमा सहयोग पुऱ्याउने कार्य प्र.अ., विद्यालय व्यवस्थापन समिति र विद्यालय निरिक्षकको समेत हुनुपर्छ तर कक्षाकोठालाई विषयवस्तु अनुसार सिकाइ अनुकुल बनाउने, विद्यार्थीलाई सिक्न तत्पर बनाउने, पाठयोजनाका उद्देश्य प्राप्तिका लागि कक्षाकोठा अनुकूल बनाउने कार्यमा भने शिक्षककै भूमिका महत्वपूर्ण रहन्छ । जे होस् शिक्षण सिकाइ कार्यलाई प्रभावकारी, जीवन्त, उद्देश्यमूलक, सार्थक र व्यवहारिक बनाउन कक्षाकोठा व्यवस्थापनको अति महत्वपूर्ण भूमिका रहन्छ (अधिकारी २०६९) ।

यसरी कक्षाकोठा व्यवस्थापन राम्रो भएमा शिक्षक विद्यार्थीको सम्बन्ध सुमधुर रहनुका साथै सरकारको लगानी समेत पूरा गर्नका लागि कक्षाकोठा व्यवस्थापन राम्रो हुनुपर्दछ । कक्षाकोठा व्यवस्थापनको अवस्था कमजोर रहेमा पाठ्यक्रमले तोकेका अपेक्षित सिकाइ उपलब्धि हासिल नहुने हुन्छ । त्यस्तै शिक्षक, विद्यार्थी, अभिभावक समेतको लगानी व्यर्थ हुन्छ । त्यसकारणले गर्दा सरकारले शिक्षामा गरेको लगानीको प्रतिफल लिन, शिक्षक

विद्यार्थीको सुमधुर सम्बन्ध कायम राख्न र पाठ्यक्रमले तोकेका अपेक्षित सिकाइ उपलब्धि निर्धारित समयमा हासिल गर्नका लागि समेत कक्षाकोठा व्यवस्थापनको अवस्था मजबुत हुनुपर्दछ ।

## १.२. समस्याको कथन

शिक्षण सिकाइ क्रियाकलापलाई सहज रूपमा सम्पन्न गर्नका लागि कक्षाकोठा व्यवस्थापन मजबुत हुनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने स्थान कक्षाकोठा नै हो । कक्षाकोठाको वातावरण विद्यार्थीका लागि अनुकूल भएमा विद्यार्थीले सिकाएका कुराहरू राम्ररी सिक्न सक्छन् । कक्षाकोठा व्यवस्थापन अन्तरर्गत विद्यार्थीको उमेर तथा उचाइ अनुसारका डेक्स, बेञ्च, कालोपाटी रखाइको अवस्था कक्षाकोठामा प्रकाशको अवस्था आदि जस्ता कुराहरू पर्दछन् । कक्षाकोठा व्यवस्थापन र सिकाइबीच नजिकको सम्बन्ध रहेको छ । कुनै पनि कक्षाकोठाको सिकाइ उपलब्धि अवस्थाको विश्लेषण गर्नको लागि कक्षाकोठा व्यवस्थापनको अवस्था अध्ययन गर्नुपर्दछ । कक्षाकोठाको व्यवस्थापन मजबुत भएमा त्यस्तो कक्षामा विद्यार्थीको सिकाइमा सकारात्मक धारणाको विकास हुन्छ । यदि कक्षाकोठाको व्यवस्थापन उचित तरीकाले नभएमा वा शिक्षण सिकाइ प्रक्रियाको लागि वाधक भएमा त्यसले सिकाइमा नराम्रो असर पार्छ । यसका लागि शिक्षण सिकाइसँग सम्बन्धित पक्षले ध्यान दिएर सिकाइलाई कक्षाकोठा व्यवस्थापनलाई मजबुत बनाएर शिक्षण गर्नुपर्ने देखिन्छ । खासगरी कक्षाकोठा व्यवस्थापन राम्रो नभएका विद्यालयहरूमा शैक्षिक गुणस्तर राम्रो नभएको देखिन्छ । कक्षाकोठा व्यवस्थापन अन्तरगत कक्षाकोठाको बनावट कालोपाटी रखाइको अवस्था विद्यार्थी अनुपातमा फर्निचर शैक्षिक सामग्रीको व्यवस्थापन, विषयकुनाको अवस्था, झ्यालढोकाको अवस्था, पाठ्यपुस्तक सुरक्षा, प्रकाशको अवस्था, शिक्षकलाई सहजरूपमा पढाउनका लागि स्लाईडको व्यवस्था आदि कुराहरू पर्दछन् । अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापनका लागि

आवश्यक पर्ने उल्लेखित कुराहरूको पर्याप्त व्यवस्थापन हुन नसकेकोले गर्दा यस विषयलाई अध्ययनको समस्याको कथनको रूपमा उठान गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

कुनै पनि अध्ययन एवम् अनुसन्धानको निश्चित उद्देश्य एवम् औचित्य हुने गर्दछ । सम्बन्धित अनुसन्धान अर्थपूर्ण रहेमा त्यसले आगामी दिनमा अध्ययन गर्न चाहने सबैलाई सम्बन्धित अनुसन्धानमा सहयोग गर्नेछ । यस अध्ययनले सिकाइमा कक्षाकोठा व्यवस्थापनको भूमिका सम्बन्धी अध्ययन गर्न चाहने जो कोहीलाई पनि सहयोग गर्नेछ । सम्बन्धित सरोकारवाला ब्यक्ति संघ, संस्थालाई आफ्ना नीति निर्माण र योजना निर्माणमा सहयोग गर्ने छ । शिक्षाविद, पाठ्यक्रमविद एवम् यस विषयमा अध्ययन गर्न हुने महानुभावहरूलाई सन्दर्भको रूपमा सहयोग गर्ने छ । कक्षाकोठाको उचित व्यवस्थापनबाट सिकाइमा कस्तो असर पार्दछ वा सिकाइमा कस्तो भूमिका रहन्छ भनि अध्ययन गर्न चाहने पछिल्ला अध्ययन कर्ताहरूको लागि सहयोग पुऱ्याउनु नै यस अध्ययनको औचित्य रहेको छ ।

वालवालिकाले हरेक कुराहरू सिक्ने ठाँउ भनेको पाठशाला वा विद्यालय नै हो । विद्यालयको वातावरण जस्तो छ सोही अनुसारको सिकाइ विद्यार्थीमा हुन्छ यसरी विद्यालयको वातावरणले सिकाइमा प्रभाव पार्ने भएको कारणले गर्दा विद्यालयको वातावरण सिकाइका लागि अनुकूल रहनु पर्दछ । विद्यालयको वातावरण भित्र पर्ने एक महत्वपूर्ण कुरा भनेको कक्षाकोठा हो । कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने महत्वपूर्ण स्थान हो । यसरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कक्षाकोठाको वातावरण राम्रो भए मात्र त्यसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउनमा सहयोग गर्दछ । पाठ्यक्रले तोकेका निर्दिष्ट उद्देश्यहरू पूरा गर्न कार्यान्वयनको तह कक्षाकोठा नै हो । कक्षाकोठाको अवस्था सिकाइका लागि अनुकूल भएमा मात्र पाठ्यक्रम निर्दिष्ट उद्देश्य पूरा गर्न सहयोग मिल्नेछ ।

कक्षाकोठाले शिक्षक विद्यार्थीसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ, यसैले गर्दा यो अध्ययनले विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थी तथा अध्यापन गराउने शिक्षकका लागि सहयोगी बन्दछ । यदि कक्षाकोठाको व्यवस्थापन राम्रो नभएमा शिक्षक विद्यार्थीलाई अध्ययनका लागि वाधक तथा शिक्षकलाई सिकाउन पनि अप्ठेरो तथा अभिभावकहरू पनि नानीको भविष्य प्रति चिन्तित बन्ने गर्दछन् । यस अध्ययनको लागि नमूना छनौटमा परेका विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था अध्ययन गरी त्यसमा रहेका कमजोरीहरू सुधार गरी आवश्यक सुझाव दिनका लागि यो अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनैपनि अध्ययन एवम् अनुसन्धानको निश्चित उद्देश्य रहेको हुन्छ । त्यस्तै यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

क) कक्षाकोठा व्यवस्थापनको अवस्था पत्ता लगाउनु ।

ख) कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा पार्ने प्रभाव पत्ता लगाउनु ।

ग) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू खोजी गरी समाधानका उपायहरू सुझाउनु ।

## १.५. अध्ययनको परिसीमा

कुनै पनि अध्ययन एवम् अनुसन्धानलाई निश्चित  सीमामा बाँधेर अध्ययन गर्नका लागि सीमावद्ध गर्नुपर्छ । यसै अनुसार यो अध्ययन झापा जिल्ला गौरादह स्रोतकेन्द्र अन्तरर्गतका ५ वटा विद्यालयहरूको कक्षाकोठा व्यवस्थापन अन्तरगत प्राथमिक तहमामात्र सिमित रहको छ ।

## १.६. अनुसन्धनात्मक प्रश्नहरू

यस अध्ययनका अुनसन्धनात्मक प्रश्नहरू यसप्रकार छन् :

क) कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

ख) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू के के हुन् ?

ग) कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधान गर्ने उपायहरू के-के हुन् ?

घ) कक्षाकोठा व्यवस्थापनले सिकाइमा कस्तो प्रभाव पार्दछ ?

## १.७. मुख्य शब्दहरूको अर्थ

व्यवस्थापन - उचित तरिकाले प्रबन्ध मिलाउनु ।

सिकाइ - कुनै कुरा सिके पछि सिकारूको व्यवहारमा आएको परिवर्तन

मजबुत - बलियो

परिसीमा - निश्चित सिमामा बाँधिएको

अध्ययनकर्ता - अध्ययन गर्न चाहने

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

कुनै पनि अध्ययन एवं अनुसन्धानलाई पूरा गर्नकालागि त्यससँग सम्बन्धित विविध शोधपत्र तथा लेख रचनालाई अध्ययनका क्रममा उल्लेख गरी अध्ययनलाई पूरा गर्नुपर्दछ । शीर्षकसँग सम्बन्धित सन्दर्भ सामग्रीहरू पूर्ण भएमा मात्र अध्ययनलाई ब्याख्या एवं विश्लेसण गर्न सकिन्छ । अन्यथा अध्ययनलाई निश्कर्षमा पुऱ्याउनका लागि वा पूरा गर्न गाऱ्हो पर्दछ । यसै क्रममा यस अनुसन्धानलाई पनि पूर्णता दिनका लागि सम्बन्धित साहित्यका रूपमा विविध सन्दर्भ सामग्रीहरू प्रयोग गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

थापा (२०६४) ले मा.वि. तहको अध्यापन गर्ने गरिएका कक्षाकोठामा कालोपाटी उपयुक्त नभएको कक्षाकोठाको आकार उपयुक्त नभएको, वाल नभएको, प्रकाशको व्यवस्था नभएको लगायतका कुराहरू उल्लेख छन् । साथै कक्षाकोठा राम्रो भएका विद्यालयको एस.एल.सी. परीक्षामा ५०-१००% सम्म उत्तीर्ण गराएको, मध्यम रहेका विद्यालयले १६-५०% र कमजोर कक्षाकोठा व्यवस्थापन भएका विद्यालयले न्यूनमात्र उत्तीर्ण गराउन सफल भएको अवस्था पाइएको कुरा उल्लेख छ । उहाँले आफ्नो अध्ययनको निश्कर्षमा अधिकांश विद्यालयले कक्षाकोठा व्यवस्थापन राम्रो गर्न नसकेको र कक्षाकोठाको उचित व्यवस्थापनको अभावमा विद्यार्थीको शैक्षिक उपलब्धिमा समेत असर पुगेको कुरा उल्लेख गर्नु भएको छ ।

यसरी माथिको सन्दर्भ सामग्रीलाई अध्ययन गर्दा शिक्षण सिकाइका लागि कक्षाकोठा अति आवश्यक पर्दछ । कक्षाकोठाको व्यवस्थापन जति राम्रो हुन्छ त्यति नै शैक्षिक गुणस्तर उच्च हुन्छ भने कक्षाकोठाको व्यवस्थापन नभएको अवस्थामा हरेक विद्यालयको शैक्षिक गुणस्तर कमजोर रहेको पाइएको छ ।

नेपाल (२०६६) ले प्राथमिक तहका मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापन शीर्षकमा सुनसरी जिल्लामा गरेको अध्ययनमा विद्यार्थी अनियमितता, शिक्षक नियुक्तिमा विविधता, आर्थिक कक्षा कार्यभार, कर्मचारीको अभाव, विद्यालय व्यवस्थापन समिति गठन नहुनु, स्रोत साधनको अभाव भौतिक सुविधाको अभावका कारण मानवीय एवं भौतिक स्रोत व्यवस्थापन प्रभावकारी हुन नसकेको उल्लेख गरेका छन् ।

माथिको सन्दर्भ सामग्रीलाई अध्ययन गर्दा विद्यालयको भौतिक व्यवस्थापन जति राम्रो हुन्छ, विद्यालय व्यवस्थापन समिति सक्रिय नहुँदा, शिक्षक नियुक्तिमा अनियमितता हुँदा र शिक्षक उपस्थिति अनियमित रहेमा त्यस्तो विद्यालयको कक्षाकोठा व्यवस्थापन राम्रो नहुनाका साथै शैक्षिक गुणस्तर पनि उच्च नहुने र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी नहुने देखिन्छ ।

विष्ट (२००४) का अनुसार दार्चुला जिल्लामा गरिएका अधिकांश विद्यालयमा आवश्यक मात्रामा शिक्षकहरू उपलब्ध भएका शिक्षकहरू मध्ये कतिपय तालिम अप्राप्त छन् । तालिम प्राप्त शिक्षकले पनि सिकेका कुराहरू लागू गर्न सकेका छैनन् । तालिम प्राप्त शिक्षकले पनि तालिमबाट सिकेका कुराहरू पूर्णरूपमा लागू गरेका छैनन् । धेरैजसो विद्यालयमा विद्यार्थीहरू नियमित उपस्थित हुने नगरेको पाइयो । विद्यालयमा प्रधानाध्यापकहरू विद्यालयको समय तालिका अनुसार चल्ने गरेको पाइएन । मानवस्रोतको व्यवस्थापनमा त प्रधानाध्यापकहरूले चासो राखेर काम अघिबढाउँछन् न त विद्यालय व्यवस्थापन समितिले नै सक्रियता देखाउने गरेको पाइयो । विद्यायल भवन अध्ययन क्षेत्रमा अनुकुल पाइएन् । करिव ९१% विद्यालय भवनहरू विद्यार्थीका लागि उपयुक्त नभएको पाइयो । यसै गरि अधिकांश विद्यालयमा फर्निचरको अभाव पाइएको छ ।

माथिको सन्दर्भ सामग्री अध्ययन गर्दा विद्यालयमा जतिसुकै संख्यामा शिक्षकहरू भएतापनि तिनीहरू तालिम प्राप्त भएनन भने त्यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुदैन र तालिम प्राप्त शिक्षक भए पनि आफूले सिकेको कुरा कक्षाकोठामा लागू

नगरेमा त्यस्तो अवस्थामा शिक्षण सिकाइ प्रभावकारी हुँदैन यसैगरी विद्यालयका प्रधानाध्यापकहरूले विद्यालयको समय तालिका अनुसार नचल्ने र शिक्षण सिकाइका लागि अनुकूल भवन निर्माण गर्नका लागि समितिसँग सल्लाह नगरेमा त्यस्तो विद्यालयमा शैक्षिक गुणस्तर उच्च हुँदैन । यसैगरी विद्यार्थी बस्नका लागि उपयुक्त कक्षाकोठा र आवश्यक मात्रामा फर्निचर हुनुपर्दछ भन्ने कुरा पाइन्छ ।

सेरिड (२००२) को प्रतिवेदन अनुसार विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री जस्तै कालोपाटीको व्यवस्था गर्न विद्यालयहरूमा बजेटको अभाव रहेको छ । कक्षाकोठामा प्रकाशको व्यवस्था तथा भेन्टिलेशनको अवस्था धेरै विद्यालयहरूमा सन्तोषजनक छैन । अधिकांश उत्तरदाताहरूले विद्यालयको उचित व्यवस्थापनका लागि आर्थिक स्रोतको अभाव रहेको बताएका थिए । फर्निचरको अभाव, कक्षाकोठामा पर्याप्त ठाउँको अभाव, सरसफाइको अभव, शैक्षिक सामग्री व्यवस्थापनको अभाव, शौचालयको अभाव र खानेपानीको अभाव लगायतका समस्याहरू विद्यालयहरूले भोगिरहेका छन् ।

पाठक (२०६५) का अनुसार विद्यालयको आर्थिक तथा भौतिक अवस्थाले शिक्षक व्यवस्थापनमा प्रधानाध्याकलाई कठिनाइ भएको देखिएको छ । विद्यालयको भौतिक अवस्था कमजोर छ, कक्षाकोठाको आकारका कारण शिक्षकले आवश्यक शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको पाइएको छ भने आर्थिक एवं भौतिक तत्वका कारण प्र.अ.ले चाहेर पनि मानव स्रोत व्यवस्थापनमा सफलता प्राप्त गर्न नसकेको देखिन्छ ।

माथिको सन्दर्भ सामग्री अध्ययन गर्दा विद्यालयको भौतिक अवस्था कमजोर, कक्षाकोठा विद्यार्थी अनुपातमा सानो हुनु र आवश्यक मात्रामा शिक्षण सामग्रीहरू नहुनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी नभएको र आर्थिक एवं भौतिक र मानव स्रोतको अभावमा विद्यालय तथा कक्षाकोठा व्यवस्थापन हुन नसकेको देखिएको छ ।

विष्ट (२००४) ले फुँयल (२००१) बाट उल्लेख गरे अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू हुनु पूर्व प्राथमिक विद्यालयमा सिमित रूपमा व्यवस्थापन पक्ष कमजोर थियो । अधिकांश शिक्षकहरू तालिम अप्राप्त थिए भने शिक्षण प्रति लगनशील पनि थिएनन् । विद्यालयमा प्रेरणाको कमि हुनुका साथै शैक्षिक वातावरणको अभाव थियो । तालिमप्राप्त शिक्षकहरूले पनि आफूले प्राप्त गरेको ज्ञान र सीपको कक्षाकोठामा व्यवहारिक प्रयोग गर्ने गरेको पाइएन् ।

यसरी माथिको सन्दर्भ सामग्री अध्ययन गर्दा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू हुनु भन्दा पहिले विद्यालयको व्यवस्थापन पक्ष कमजोर हुनुका साथै शिक्षकहरू तालिम अप्राप्त रहेको कारणले गर्दा तालिम प्राप्त शिक्षकहरूले समेत आफूले सिकेको कुरा कक्षाकोठामा प्रयोग गर्ने नगरेकोले गर्दा शैक्षिक गुणस्तर उच्च नहुने समस्याले गर्दा धेरै विद्यालयहरू पिरोलिइ रहेका थिए ।

विष्ट (२०६५) ले शिक्षक मासिक पत्रिकामा प्रकाशित कक्षा व्यवस्थापनको अवस्था, अवधारणा र प्रयोग शीर्षकको लेखको निश्कर्ष दिए अनुसार कक्षा व्यवस्थापनको मुख्य उद्देश्य भनेको कक्षालाई वालमैत्री तथा रमाइलो र सिकाइ अनुकूल पार्नु हो । त्यस्तै विद्यार्थीको बसाइ व्यवस्थापन, कक्षामा रहेको शैक्षिक सामग्रीको व्यवस्थापन र कक्षाको कार्य प्रणालीको व्यवस्थापन कक्षा व्यवस्थापनका आवश्यकता हुन् ।

## २.२ सैद्धान्तिक खाका

फेडरिक विन्स्लो टेलर (F.W. Taylor, 1856-1915) ले वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा नवीन विचारहरू दिएका छन् । टेलरले व्यवस्थापन कार्य गर्दा समस्याको समाधान वैज्ञानिक ढंगले गर्नुपर्दछ भन्ने कुरामा जोड दिएका छन् । टेलरको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्यविश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनु पर्ने र व्यवस्थापकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिएका छन् । यस विधिले

कार्य सम्पादनमा द्रुतता बढाउने, दक्षता बढाउने, सहयोग र उत्प्रेरणा प्रदान गर्दछ । जसले गर्दा संस्थाको लक्ष्य सहज ढंगले प्राप्त गर्न सकिने कुरा उल्लेख गरेका छन् (काफ्ले र पौडेल २०६४ बाट उदृत) ।

टेलरको सिद्धान्तमा कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ भनिएको छ । कामदारको छनौट वैज्ञानिक प्रकारबाट गर्नुपर्छ, छानिएका कामदारलाई तालिम दिनुपर्छ तथा दक्षतापूर्वक काम सिकाउनुपर्छ । वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग, सम्बन्ध र सामन्जस्यता स्थापित गर्नुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हाँसिल गर्ने ढंगले परिचालन गर्नुपर्छ । बढीकाम गर्नेलाई बढी ज्याला दिनु पर्छ भन्ने विषयहरू समेटिएका छन् । यसका साथै संस्थाको उत्पादकत्व बढाउन कामगर्ने वातावरण र विधिमा सुधार समय तथा गति अध्ययन कार्यको प्रमाणिकरण, कार्यको संगठन प्रयोग, कामदारको छनौट व्यवस्थापन र तालिम लगायतका कार्यहरू गर्नुपर्ने सुझाव दिएका छन् । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले व्यवस्थापनका क्षेत्रमा ठुलो प्रभाव पारेको छ, जसबाट शिक्षा क्षेत्रलाई पनि अलग राख्न सकिदैन । शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको अध्ययनका सन्दर्भमा वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई आधार मानी विद्यालयको कक्षाकोठा व्यवस्थापनमा सरोकारवाला ब्यक्तिहरू जस्तै प्रधानाध्यापक, स्रोतब्यक्ति, वि.ब्य.स.अध्यक्ष, शिक्षकहरू, विद्यार्थी र अभिभावकहरूको बीचमा आत्मीय सहयोग र सम्बन्ध स्थापित हुनुपर्छ । विद्यालयको शैक्षिक गुणस्तर उच्च बनाउनको लागि शिक्षण सिकाइका क्रममा कक्षाकोठा व्यवस्थापन मजवुत हुनुपर्दछ । कक्षाकोठामा आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको व्यवस्थापन गरी कक्षाकोठालाई सिकाइ अनुकूल बनाउनु पर्दछ । यसरी शिक्षण सिकाइका क्रममा कक्षाकोठा व्यवस्थापनलाई राम्रो बनाइ पाठ्यक्रमले तोकेका शैक्षिक उद्देश्यहरू पूरा गर्न यस सिद्धान्तको प्रयोग कक्षाकोठा व्यवस्थापनमा भएको पाइन्छ ।

यसरी वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरूलाई योजना निर्माण गरी, आवश्यक स्रोत साधनहरूको परिचालन र त्यसको सही व्यवस्थापनमा यस सिद्धान्तले सहयोग गर्ने भएकाले अध्ययनको क्रममा सैद्धान्तिक खाकाको रूपमा प्रयोग गरिएको छ ।

## २.३ सम्वन्धित साहित्यको पुनरावलोकनको उपादेयता

शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन अध्ययन गर्नका लागि यसै विषयवस्तुसँग सम्बन्धित साहित्यहरू र विविध लेखकले लेखेका लेख, रचना, पुस्तक विभिन्न विद्वानले प्रतिपादन गरेका सिद्धान्तहरू तथा विचारको अध्ययन गरी विषयवस्तुको गहिराइमा पुग्न ठूलो सहयोग गरेको छ । यस्ता सामग्रीले शोधकार्य गर्न निर्देशन प्राप्त हुन गइ अनुसन्धान विश्वासनीय एवं वैध हुन पुगेको छ ।

व्यवस्थापनको विकासक्रमसँगै कक्षाकोठा व्यवस्थापनको अवस्थालाई केलाउनका लागि यस अध्ययनले पुष्टि गरेको छ । अध्ययनका क्रममा प्रयोग गरिएका विविध साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाबाट यस अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचनाले अध्ययन कार्यलाई अघि बढ्न र खोजिनीति हुन नसकेका विविध विषयमा खोजी गर्न सहयोग मिलेको छ । यस अध्ययनले शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन प्रक्रियालाई सुनिश्चित गर्नु साथै योजनावद्ध कार्यक्रम र नीतिको आवश्यकता भएको र प्राप्त निश्कर्ष तथा सुझावहरू व्यवहारिक रूपमा कर्यान्वयन हुनमा जोड दिएको छ ।

अध्ययन एवम् अनुसन्धानबाट प्राप्त कुराहरूले अध्ययनको उपयोगिताका बारेमा स्पष्ट गराउँछ । यस अध्ययनमा पुनरावलोकनका रूपमा रहेका सम्पूर्ण स्रोतहरूले अध्ययनलाई स्पष्ट पार्ने काम गर्दछन् । जसले गर्दा अध्ययन औचित्यपूर्ण र प्रभावकारी बन्ने छ ।

यस शोधपत्रसँग सम्बन्धित विभिन्न खालका पुराना शोधपत्रहरूलाई अध्ययन गर्दा शिक्षण सिकाइकालागि कक्षाकोठा अति आवश्यक स्थल हो । शिक्षक र विद्यार्थीले लामो समय बिताउनु पर्ने भएको कारणले गर्दा कक्षाकोठा सिकाइ अनुकूल हुनुपर्दछ । कक्षाकोठा राम्रो एवं व्यवस्थित भएको अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सहज रूपमा सञ्चालन गर्न सक्नुका साथै अपेक्षित सिकाइ उपलब्धि हासिल गरी विद्यालयको शैक्षिक गुणस्तर उच्च रहन जान्छ । यसका लागि विद्यालय व्यवस्थापन समिति, विद्यालय प्र.अ., शिक्षक परिवार, अभिभवाक र विद्यार्थीहरूको सक्रियता जरूरी पर्दछ । विद्यालय समुदायको अभिन्न अङ्ग हो । जवसम्म विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध रहदैन तव सम्म विद्यालयले आफ्नो प्रगति गर्न सक्दैन । शिक्षण सिकाइका क्रममा विद्यालय भवन भित्रका कक्षाकोठाहरू व्यवस्थित भएमा त्यस्तो अवस्थामा शिक्षक विद्यार्थी बीचमा शिक्षण सिकाइ क्रियाकलाप राम्ररी सञ्चालन हुन सक्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव अध्ययन गर्नका लागि कक्षाकोठा व्यवस्थापनको अवस्था पत्ता लगाउनु, शिक्षण सिकाइमा पारेको प्रभाव र कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू सुझाउने लगायतका तीन वटा उद्देश्य राखी यस अध्ययन गर्न लागिएको यस शोधपत्र गुणात्मक र परिमाणात्मक वा मिश्रीत अनुसन्धानको ढाँचा प्रयोग गरी तथ्याङ्क संकलन गरी ब्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धानको प्रक्रियामा समस्याको चयन, उद्देश्यको निर्धारण र अनुसन्धानात्मक ढाचाँ वा योजना तयार पछि तथ्याङ्क संकलन गरिन्छ ।

तथ्याङ्क संकलनका विधिहरू, तरिकाहरू साधनको वारेमा स्पष्ट योजना र ज्ञान विना तथ्याङ्क संकलन कार्य पूरा गर्न गाह्रो पर्दछ । त्यसैले गर्दा यो अनुसन्धानलाई पूरा गर्नका लागि गुणात्मक र परिमाणात्मक वा मिश्रीत अनुसन्धानको ढाँचा प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ र व्याख्यात्मक र विश्लेषणात्मक ढाँचाबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.२ जनसंख्या

कुनै निश्चित ठाउँमा निश्चित ढंगले बसोवास गरेको मानिसहरूको समूहलाई जनसंख्या भनिन्छ । यस शोध अध्ययनका लागि झापा जिल्लाको गौरादह स्रोतकेन्द्र अन्तरगतका स्रोतव्यक्ति,  २० वटा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षक र विद्यार्थीलाई जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३. नमूनाको छनौट

अध्ययनलाई पूरा गर्नका लागि जनसंख्याबाट नमूना छनौट गर्नु पर्दछ । त्यही नमूनाका आधारमा अध्ययनलाई पूरा गर्न सकिन्छ ।

### ३.३.१ नमूनाको आकार

पूरा जनसंख्याबाट निश्चित मापदण्डका आधारमा जनसंख्याको केही भागलाई सीमावद्ध गर्नुलाई नै नमूना भनिन्छ । यसै अनुसार यस शोधपत्रलाई पूरा गर्नका लागि नमूनाको रूपमा ५ वटा विद्यालयलाई लिइएको छ । नमूनाको आकारको रूपमा १० जना विद्यार्थी, वि.व्य.स. अध्यक्ष ५ जना, शिक्षक १५ जना, प्र.अ. ५ जना र उक्त स्रोत केन्द्रका १ जना स्रोतव्यक्तिलाई लिइएको छ ।

### ३.३.२. नमूना छनौट विधि

नमूनाको आकार निर्धारण गरिसकेपछि त्यसलाई निश्चित नमूना छनौट विधिबाट नमूना छनौट गर्नुपर्छ । यसै अनुसार नमूना छनौटका विधिहरू मध्ये यस अध्ययनलाई पूरा गर्नका लागि उद्देश्यमूलक नमूना छनौट विधि र आवश्यकता अनुसार इच्छाकृत नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

### ३.३.३. नमूना छनौटको आधार

अनुसन्धानको क्रममा नमूना छनौट विधि पछि यसको आधार निर्धारण गर्नु जरूरी पर्दछ । नमूना छनौटको आधारमा हरेक जाति, भषा, धर्म, लिङ्ग, क्षेत्र र भौगोलिक क्षेत्रको आधारमा निर्धारण गर्नुपर्दछ । यसै अनुसार यस अध्ययनलाई पूरा गर्नका लागि पनि नमूना छनौटको आधारको रूपमा लिङ्ग, जाति, धर्म, क्षेत्र र भौगोलिक क्षेत्रको आधारमा शिक्षक, विद्यार्थी, वि.ब्य.स. अध्यक्ष, प्र.अ. र स्रोतव्यक्तिलाई लिइएको छ ।

## ३.४. अनुसन्धानका साधनहरू

उक्त अध्ययनलाई पूरा गर्नका लागि अध्ययनको उद्देश्य, स्रोत, साधन र समयावधिलाई मध्यनजर गरी तथ्याङ्क संकलन गर्नका लागि शिक्षक, विद्यार्थी, अध्यक्ष र प्र.अ. का लागि प्रश्नावली र स्रोतव्यक्तिका लागि अन्तरवार्ता जस्ता अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

प्रश्नावली : शिक्षक र प्र.अ.का लागि ।

अन्तरवार्ता : विद्यार्थी, अध्यक्ष र स्रोतव्यक्तिका लागि ।

अनुसन्धानलाई वैध बनाउनका लागि अनुसन्धानका क्रममा प्रयोग गरेका साधनलाई प्रयोग गर्नुपर्दछ । त्यस्तै यस अनुसन्धानलाई वैध बनाएर निश्कर्षमा पुऱ्याउनका लागि आफ्नो शोध निर्देशकसँग छलफल गरिनेछ र निर्देशकले जाँचबुँझ गरेर सल्लाह र सुझाव दिएपछि त्यसलाई पुनर्लेखन गरिएको छ । यसका साथै यस अध्ययनलाई थप वैध बनाउनका लागि यो सँग सम्बन्धित पुराना शोधपत्र, लेख रचनालाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क संकलन गर्नका लागि जुन स्रोतहरूको प्रयोग गरिन्छ त्यसलाई नै तथ्याङ्कका स्रोतहरू भनिन्छ । कुनै पनि अध्ययनलाई पूरा गर्नका लागि निश्चित किसिमका तथ्याङ्कका स्रोतहरूको प्रयोग गर्नुपर्दछ । यस्ता स्रोतहरू २ किसिमका छन् र यस अध्ययनमा पनि २ किसिमका स्रोतहरूलाई प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलन विधि

शोधपत्रलाई पूरा गर्नका लागि तथ्याङ्क संकलनको लागि प्रयोग गरिएका साधनहरूलाई लिइएको छ भने यी साधनहरूलाई कक्षाकोठा व्यवस्थापन र सिकाइसँग सम्बन्धित सरोकारवाला व्यक्तिहरूसँग छलफल गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्क संकलनको लागि अपनाइएका साधनहरूबाट प्राप्त तथ्याङ्कहरूलाई स्पष्ट गर्नका लागि तथ्याङ्कहरूलाई विश्लेषण गरिन्छ । यस शोधपत्रलाई पूरा गर्नका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई तालिकामा देखाइ विश्लेषण गरिएको छ ।

यस शोधपत्रलाई पूरा गर्नका लागि सिकाइमा कक्षाकोठा व्यवस्थापनसँग सम्बन्ध राख्ने सरोकारवाला व्यक्तिहरूबाट प्राप्त उत्तरका आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव शीर्षकको यस शोध अध्ययनकालागि प्रत्यक्ष अवलोकन, अन्तरवार्ता र खुल्ला तथा वन्द प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनलाई पूरा गर्नका निमित्त ३ वटा उद्देश्य राखि कक्षाकोठा व्यवस्थापनसँग सम्बन्ध राख्ने व्यक्तिहरूसँगको अन्तरवार्ता, प्रश्नावली तथा विद्यालयका कक्षाकोठा अवलोकन समेतबाट प्राप्त तथ्याङ्कका आधारमा निम्न पक्षहरू समावेश गरी विश्लेषण गरिएको छ।

## ४.१. कक्षाकोठा व्यवस्थापनको अवस्था

सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाको आवश्यकता पर्छ। कक्षाकोठा सुविधायुक्त नभएसम्म शिक्षण सिकाइ राम्रो हुन सक्दैन्। कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो भएमामात्र सिकाइ राम्रो हुन्छ। यसका लागि विद्यार्थी संख्या अनुसारका कक्षाकोठा हुनुपर्दछ। कक्षाकोठामा डेस्कबेञ्च, टेवल, फर्निचर आदिको उचित व्यवस्थापन हुनुपर्दछ। कालोपाटी रखाइ उपयुक्त हुनुका साथै कक्षाकोठामा ध्वनी शोषक वस्तुहरू राख्नुपर्दछ। जसले गर्दा एउटा कक्षाकोठाको आवाज अर्कोमा गएर वाधा नपुऱ्याओस्। कक्षाकोठामा विद्यार्थीको वैज्ञानिक बसाइ, झ्यालढोका तथा प्रकाशको उचित प्रवन्ध, शैक्षिक अनुशासन, विद्यार्थीका स्तर अनुसारका सन्दर्भ सामग्रीको व्यवस्था गर्नुका साथै पाठ अनुसारका सन्दर्भ सामग्री र महान व्यक्तिका महानवाणीको प्रयोग गरिनु पर्दछ।

यसरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको व्यवस्थापन गरी कक्षाकोठाको व्यवस्थापन राम्रो पार्नु पर्ने देखिन्छ।

### ४.१.१ फर्निचरको अवस्था

(बिद्यार्थी संख्या तथा फर्निचर विवरण प्रा.वि. सम्म मात्र)

**तालिका नं.१: फर्निचरको अवस्था**

| विद्यालयको नाम | छात्रा | छात्र | जम्मा ( प्रा.वि.) | फर्निचर संख्या |
|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | ११२ | ९० | २०२ | ५० जोर |
| स्कूलचौन उ.मा.वि. | १२७ | १०८ | २३५ | ५२ जोर |
| खयरवारी प्रा.वि. | १०० | ७० | १७० | ३४ जोर |
| जनता प्रा.वि. | ५० | ३० | ८० | २३ जोर |
| शहिद प्रा.वि. | ११० | ७० | १८० | ३१ जोर |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकाका आधारमा अध्ययनमा परेका विद्यालयहरूको फर्निचरको अवस्था अध्ययन गर्दा यस्तो अवस्था देखिन्छ - भद्रकाली उ.मा.वि. मा प्राथमिक तहमा २०२ जना विद्यार्थी रहेकोमा ५० जोर मात्र डेक्सवेञ्च रहेको देखिन्छ। डेक्सवेञ्चहरू छोटो लम्बाइका रहेकाले विद्यार्थी बसाइमा केही अप्ठेरो देखिन्छ। यसैगरी स्कूलचौन उ.मा.वि. मा प्राथमिक तहमा २३५ जना विद्यार्थी रहेकोमा ५२ जोरमात्र डेक्सवेञ्च रहेका छन्। विद्यार्थीको बसाइ खचाखच भएकोले गर्दा यस विद्यालयमा विद्यार्थीलाई अध्ययन गर्नकालागि केही असजिलो देखिन्छ। खयरवारी प्रा.वि.मा १७० जना विद्यार्थी रहेकोमा ३४ जोर डेक्सवेञ्च छन्। प्रति डेक्सवेञ्च ५ जना विद्यार्थी बस्नु पर्ने अवस्था यहाँ रहेको छ। जसले
गर्दा विद्यार्थीहरूलाई बस्न र पाठ्यपुस्तकहरू राख्नका लागि अप्ठेरो देखिन्छ। जनता प्रा.वि.मा जम्मा ८० जना विद्यार्थी छन् भने २३ जोर डेक्सवेञ्च छन्। यो विद्यालय जनता उ.मा.वि. र स्कूलचौन उ.मा.वि.को विचमा रहेकोले गर्दा विद्यार्थी संख्या घट्दो क्रममा छन्। यस विद्यालयमा विद्यार्थी अनुपातमा डेक्सवेञ्चको संख्या वढी छन्। शहिद प्रा.वि.मा १८० जना विद्यार्थी भएकोमा ३१ जोर डेक्सवेञ्च छन्। यहाँ विद्यार्थी अनुपातमा डेक्सवेञ्च संख्या

कमी भएकाले गर्दा विद्यार्थीहरूको बसाइ खचाखच भएकाले विद्यार्थीहरूले आफ्ना पाठ्यपुस्तकहरू राख्न र कक्षा कार्य गर्न समेत अप्ठ्यारो मान्छन् । यसरी अध्ययनका लागि नमूना छनौटका रूपमा रहेका ५ वटा विद्यालयको स्थलगत सर्भेक्षणबाट २ वटा (भद्रकाली उ.मा.वि. र स्कूलचौन उ.मा.वि.) विद्यालय बाहेक अन्य विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा  डेक्सवेञ्च पर्याप्त नभएकाले गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था कमजोर देखिन्छ । विद्यार्थी संख्याको अनुपातमा फर्निचर कम भएका विद्यालयले विद्यार्थीका सुविधाका लागि फर्निचर संख्या थप गर्नुपर्ने देखिन्छ ।

## ४.१.२ कक्षाकोठाको क्षेत्रफल

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्ष कक्षाकोठाको क्षेत्रफल हो । हरेक विद्यालयले  समयको माग अनुसार तथा विद्यार्थीको संख्याका आधारमा कक्षाकोठाको क्षेत्रफल निर्धारण गर्नुपर्दछ । यस अध्ययनका लागि नमूना छनौटमा परेका सम्पूर्ण विद्यालयका कक्षाकोठाको क्षेत्रफल सामान्य अवस्थाको भएकाले गर्दा विद्यार्थी कक्षामा बस्दा र अन्य क्रियाकलाप गर्दा अप्ठेरो महसुस गरेको पाइएको छ ।

**तालिका नं. २: कक्षाकोठाको क्षेत्रफल**

| विद्यालयको नाम | कक्षाकोठाको लम्बाइ (फिटमा) | कक्षाकोठाको चौडाइ (फिटमा) | कक्षाकोठाको क्षेत्रफल (वर्ग फिटमा) |
|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | १८ | २२ | ३९६ |
| स्कूलचौन उ.मा.वि. | १८ | २२ | ३९६ |
| जनता प्रा.वि. | २० | १८ | ३६० |
| खयरबारी प्रा.वि. | २० | १२ | २४० |
| शहिद प्रा.वि. | १८ | २२ | ३६० |

स्रोतः स्थलगत सर्भेक्षण, २०६९

नमूना छनौटमा परेका विद्यालयहरूको कक्षाकोठाको क्षेत्रफल अध्ययनगर्दा भद्रकाली उ.मा.वि. र स्कूलचौन उ.मा.वि. का प्राथमिक तहका कक्षाकोठाहरूको लम्बाइ र चौडाइ

क्रमशः १८x२२ र ३९६ वर्गफिट रहेको छ । विद्यार्थी संख्याको अनुपातमा यी कक्षाकोठाहरू केही साना रहेकाले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा केही समस्या देखिएको छ । जनता प्रा.वि. का कक्षाकोठाहरू २०x१८ का छन् । त्यस्तै खयरबारी प्रा.वि. का कक्षाकोठाहरू २०x१२ का छन् । शहिद प्रा.वि.का कक्षाकोठाहरू १८x२२ का छन् । जनता प्रा.वि. खयरबारी प्रा.वि. र शहिद प्रा.वि. का कक्षाकोठाहरू विद्यार्थी संख्याको अनुपातमा ठिकै रहेको पाइएको छ । जसले गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज नै देखिएको छ ।

### ४.१.३ कक्षाकोठामा प्रकाशको अवस्था

कक्षाकोठा व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष भनेको  प्रकाशको अवस्था हो । विद्यालयका कक्षाकोठामा विद्यार्थीलाई पढ्न लेख्न तथा शिक्षकलाई शिक्षण गर्न समेत कक्षाकोठामा प्रकाशको उचित प्रबन्ध हुनुपर्दछ । यस अध्ययनमा परेका सम्पूर्ण विद्यालयमा प्रकाश सम्बन्धि निम्न अवस्था पाइएको छ :

**तालिका नं. ३: कक्षाकोठामा प्रकाशको अवस्था**

| विद्यालयको नाम | कक्षा संख्या | प्रा.वि. तहका कक्षा संख्या | प्रकाश पर्याप्त भएका | प्रकाश पर्याप्त नभएका | नभएको प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | ३० | ७ | ४ | ३ | ४२.८५% |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | ४ | ३ | ४२.८५% |
| जनता प्रा.वि. | १० | ५ | ३ | २ | ४०% |
| खयरवारी प्रा.वि. | १० | ६ | ४ | २ | ३३.३३% |
| शहिद प्रा.वि. | १३ | ५ | ३ | २ | ४०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा श्री भद्रकाली उ.मा.वि.का प्रा.वि. तहका ७ वटा कक्षा मध्ये ३ वटा (४२.८५%), स्कूलचौन उ.मा.वि. का  प्रा.वि. तहका ७ वटा कक्षा मध्ये ३ (४२.८५%) वटा, जनता प्रा.वि. का ५ वटा कक्षा मध्ये २ (४०%), खयरवारी प्रा.वि. का

६ वटा कक्षा मध्ये २ (३३.३३%) वटा र शहिद प्रा.वि. का ५ वटा मध्ये २ (४०%) वटा कक्षाकोठाहरूमा प्रकाशको अवस्था राम्रो देखिएको छैन । बाँकी कक्षाकोठाहरूमा प्रकाशको अवस्था राम्रो नभएकाले गर्दा वा पर्याप्त प्रकाश नहुँदा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ठूलो समस्या देखिएको छ । यस्तो समस्या समाधान गर्नका लागि सम्बन्धित विद्यालयहरूले प्रकाशको पर्याप्तता नभएका कक्षाकोठाहरूमा प्रकाशको पर्याप्तता पुऱ्याउनु पर्ने देखिन्छ ।

## ४.१.४ कक्षाकोठाको सरसफाइ

कक्षाकोठा फोहोर भएमा पढाइमा बाधा आउने गर्दछ । कक्षाभित्र जथाभावी फोहोर हुनबाट रोक्नका लागि हरेक कक्षामा डष्टविनको ब्यवस्था गर्नु पर्दछ । कक्षालाई दिनको १-२ पटक सफा गर्ने गरेमा सफा तथा आकर्षक बन्दछ । सधैं वर्षमा १ पटक रंग रोगन गरेर पनि आकर्षक बनाउन सकिन्छ । जसले गर्दा देख्नका लागि राम्रो र पढाइमा पनि सहजता हुन्छ । यस अध्ययनमा परेका विद्यालयका कक्षाकोठाको सरसफाइको अवस्था यस्तो छ :

**तालिका नं. ४: कक्षाकोठाको सरसफाइ**

| विद्यालयको नाम | कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | सफाइ भएका कक्षा संख्या | सफाइ नभएका कक्षा संख्या | सफाइ नभएका कक्षा प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | ३० | ७ | २ | ५ | ७१.४२% |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | २ | ५ | ७१.४२% |
| जनता प्रा.वि. | १० | ५ | ३ | २ | ४०% |
| खयरवारी प्रा.वि. | १० | ६ | ४ | २ | ३३.३३% |
| शहिद प्रा.वि. | १३ | ५ | २ | ३ | ६०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकाका आधारमा कक्षाकोठाको सरसफाइको अवस्थालाई यसरी व्याख्या गर्न सकिन्छ । भद्रकाली उ.मा.वि. र स्कूलचौन उ.मा.वि. का प्रा.वि. तहका प्रयोगहुने

कक्षाकोठा मध्ये ७१.४२% जनता प्रा.वि.का ४०% खयरबारी प्रा.वि.का ३३.३३% र शहिद प्रा.वि.का ६०% कक्षाकोठाहरू सफाइ नभएका छन् ।

यसरी कक्षाकोठामा व्यबस्थापनमा सरसफाइको अवस्था राम्रो हुनु पर्नेमा अध्ययनका लागि नमूनामा परेका विद्यालयहरू मध्ये जुन विद्यालयमा सरसफाइको अवस्था कमजोर छ ति विद्यालयहरूले सरसफाइमा ध्यान दिई कक्षाकोठाको वातावरण स्वच्छ राख्नु पर्ने देखिन्छ ।

## ४.१.५ कक्षाकोठाको बनावट

कक्षाकोठा व्यवस्थापन अन्तरगत कक्षाकोठाको बनावट पनि एक महत्वपूर्ण पक्ष हो । कक्षाकोठाको बनावटले पनि विद्यार्थीको सिकाइमा प्रभाव पार्दछ, वर्तमान समयको माग अनुसार कक्षाकोठाको वनावट वैज्ञानिक किसिमको हुनुपर्दछ, त्यस्तो अवस्थामा मात्र सिकाइ अर्थपूर्ण एवं प्रभावकारी बन्दछ, कक्षाकोठाको बनावट विद्यार्थी संख्या अनुसारको हुनुपर्दछ, यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सहज रूपमा अगाडि बढाउन सकिन्छ, कतिपय विद्यालयका भवनहरू तथा कक्षाकोठाहरू अवैज्ञानिक रहेको समेत पाइन्छ, यस अध्ययनकालागि नमूना छनौटमा परेका विद्यालयको कक्षाकोठाको बनावट यस प्रकार छ ।

**तालिका नं. ५ : कक्षाकोठाको बनावट**

| विद्यालयको नाम | कक्षाकोठा संख्या | प्रा.वि.का कक्षा संख्या | अर्धपक्की | कच्ची | कच्ची प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि | ३० | ७ | ७ | - | - |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | ७ | - | - |
| जनता प्रा.वि. | १० | ५ | ५ | - | - |
| खयरवारी प्रा.वि. | १० | ६ | ६ | - | - |
| शहीद प्रा.वि. | १३ | ५ | ५ | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि. का ३० वटा कक्षाकोठा मध्ये प्रा.वि. तहका ७ वटा कक्षाकोठाहरू अर्धपक्की छन । त्यस्तै स्कूलचौन उ.मा.वि.का ३० वटा कक्षाकोठा मध्ये प्रा.वि. तहका लागि प्रयोग हुने ७ वटा कक्षाकोठाहरू अर्धपक्की छन, जनता प्रा.वि.का ५ वटा कक्षाकोठाहरू अर्धपक्की छन त्यस्तै खयरबारी र शहिद प्रा.वि.का क्रमशः ६ र ५ वटा कक्षाकोठाहरू छन् ।

यसरी कुनै पनि विद्यालयका प्राथमिक तहका कक्षाकोठाहरू पक्की नभएकाले गर्दा गर्मीमा तात्ने र जाडोमा चिसो झर्ने समस्याले गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न अप्ठेरो हुनुका साथै विद्यार्थीहरूलाई मौसम अनुसार बस्न समेत गाऱ्हो देखिएको छ ।

## ४.२ शिक्षण सिकाइ क्रियाकलापको स्थिति

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्षका रूपमा शिक्षण सिकाइ क्रियाकलापको स्थिति पनि एक हो । हरेक शिक्षकले कक्षा शिक्षणका क्रममा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन यस सम्वन्धि विविध क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्ता क्रियाकलाप सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापनको अवस्था सुधार गर्नु पर्दछ । खासगरी प्रश्नोत्तर, समूह छलफल, अन्तरक्रिया आदि जस्ता विधिहरू शिक्षण सिकाइ क्रियाकलापमा पर्दछन् । यस अध्ययनमा परेका विद्यालय मध्येमा स्कूलचौन उ.मा.वि. र भद्रकाली उ.मा.वि. बाहेक अन्य विद्यालयमा कक्षाकोठाको अवस्था मजवुत नभएकाले गर्दा शिक्षण सिकाइ क्रियाकलापको स्थिति राम्रो देखिएन ।

**तालिका नं. ६ : शिक्षण सिकाइ क्रियाकलापको स्थिति**

| विद्यालयको नाम | कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | शैक्षिक सामग्री प्रयोग भएका कक्षा | शैक्षिक सामग्री प्रयोग नभएका कक्षा | शैक्षिक सामग्री प्रयोग नभएका कक्षाको प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि | ३० | ७ | ४ | ३ | ४२.८५% |
| स्कूलचौन उ.मा.वि | ३० | ७ | ३ | ४ | ५७.१४% |
| जनता प्रा.वि | १० | ५ | २ | ३ | ६०% |
| खयरबारी प्रा.वि | १० | ६ | २ | ४ | ६६.६६% |
| शहिद प्रा.वि. | १३ | ५ | ३ | २ | ४०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि.का प्रा.वि. तहका ७ वटा कक्षाकोठा मध्ये ४२.८५% कक्षाकोठाहरूमा शैक्षिक सामग्री प्रयोग गरिएको छैन त्यस्तै स्कूलचौन उ.मा.वि.का ५७.१४% कक्षाकोठामा शैक्षिक सामग्री प्रयोग गरिएको छैन जनता प्रा.वि.का ६०%, खयरबारी प्रा.वि. का ६६.६६% र शहिद प्रा.वि.का ४०% कक्षाकोठाहरूमा शैक्षिक सामग्री प्रयोग गरिएको छैन । शैक्षिक सामग्री प्रयोग नगरिएका कक्षाकोठा भन्दा प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कक्षाकोठाको शिक्षण सिकाइ प्रभावकारी हुन्छ । यसरी वर्तमान समयमा पनि यी विद्यालयहरूले शैक्षिक सामग्री प्रयोग गर्न नसक्नु शिक्षक विद्यार्थीका लागि अभिशाप बनेको छ । शिक्षण सिकाइलाई प्रभावकारी एवं रोचक बनाइ शिक्षण सिकाइ क्रियाकलापको स्थिति सुधार गर्नका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्ने देखिन्छ ।

## ४.२.१ शैक्षिक सामग्री व्यवस्थापनको अवस्था

शिक्षण सिकाइलाई रोचक एवं प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको आवश्यकता पर्दछ, झन प्राथमिक तहमा त व्याख्याविश्लेषण भन्दा प्रदर्शन विधि राम्रो हुन्छ । जसले सिकाइलाई प्रभावकारी एवं थोरै समयमा धेरै कुराहरू सिकाउनका लागि सहयोग गर्दछ । कक्षाकोठा व्यवस्थापनमा शैक्षिक सामग्रीको व्यवस्थापन मिलाउन सकेमा त्यसबाट राम्रो प्रतिफल लिन सकिन्छ । कतिपय विद्यालयले ठूलो समूहमा शिक्षण गर्नुपर्दा समेत सामग्रीको आवश्यकता पर्दछ । यस्तो अवस्थामा विद्यालयले कक्षाकोठा व्यवस्थापन गर्दा शैक्षिक सामग्री समेतको व्यवस्था गरिनु पर्दछ । यस अन्तरगत विविध महान व्यक्तिका महान बाणीका साथै स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको व्यवस्थापन गर्न सकिन्छ । अध्यनको क्रममा परेका विद्यालयको शैक्षिक सामग्री व्यवस्थापनको अवस्था यस्तो छ ।

**तालिका नं. ७ : शैक्षिक सामग्री व्यवस्थापनको अवस्था**

| विद्यालयको नाम | जम्मा कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | शैक्षिक सामग्री व्यवस्थापनको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | भएका संख्या | नभएका संख्या | नभएका प्रतिशत |
| भद्रकाली उ.मा.वि. | ३० | ७ | ३ | ४ | ५७% |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | ४ | ३ | ४२.८५% |
| जनता प्रा.वि. | १० | ५ | २ | ३ | ६०% |
| खयरवारी प्रा.वि. | १० | ६ | २ | ४ | ६६.६७% |
| शहिद प्रा.वि. | १३ | ५ | ३ | २ | ४०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि. का प्रा.वि. तह पढाइ हुने ७ वटा कक्षाकोठा मध्ये ४ (५७%) वटा, स्कूलचौन उ.मा.वि.का प्रा.वि. तहका ७ वटा कक्षाकोठा मध्ये ३ (४२.८५%) वटा, जनता प्रा.वि. का ५ वटा कक्षाकोठा मध्ये ३ (६०%),

खयरबारी प्रा.वि.का ६ वटा कक्षाकोठा मध्ये ४ (६६.६७%) वटा र शहिद प्रा.वि.का ५ वटा कक्षाकोठा मध्ये २ (४०%) वटा कक्षाकोठाहरूमा शैक्षिक सामग्री व्यवस्थापन हुन सकेको छैन । यसरी अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत अवलोकन गर्दा शैक्षिक सामग्री व्यवस्थापन भएका कक्षाकोठामा शिक्षण सिकाइ प्रभावकारी भएको र व्यवस्थापन नभएका कक्षाकोठामा शिक्षण सिकाइ प्रभावकारी नभएको पाइएको छ । जसले गर्दा कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था सुदृढ गर्नुपर्ने देखिन्छ ।

## ४.२.२ पाठ्यपुस्तकको सुरक्षा

कक्षाकोठा भित्र विद्यार्थीले पुस्तक कहाँ र कसरी राख्ने भन्ने कुरा नै पाठ्यपुस्तकको सुरक्षा हो । पाठ्यपुस्तकलाई सुरक्षित तवरले राख्न र जथाभावी डेक्सवेञ्चमा नराख्न च्यातिन, च्यातिनबाट र बिग्रनबाट जोगाउनका लागि डेक्समा घर्राको व्यवस्था गरिनु पर्दछ । कक्षकोठाको कुनामा ऱ्याक बनाइदिएर र डेक्समा घर्राको समेत ब्यवस्था गरी पाठ्यपुस्तकको सुरक्षा गर्न सकिन्छ, यस अध्ययनका लागि नमूनाका रूपमा परेका विद्यालयहरूमा पाठ्यपुस्तकको सुरक्षाको अवस्था यस्तो छ ।

**तालिका नं. ८ : पाठ्यपुस्तकको सुरक्षा**

| विद्यालयको नाम | छ | छैन | प्रा.वि.का कक्षा संख्या | कक्षा संख्या | असुरक्षित प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि | ४ | ३ | ७ | ३० | ४२.८५% |
| स्कूलचौन उ.मा.वि. | ४ | ३ | ७ | ३० | ४२.८५% |
| जनता प्रा.वि. | २ | ३ | ५ | १० | ६०% |
| खयरवारी प्रा.वि. | ३ | ३ | ६ | १० | ५०% |
| शहिद प्रा.वि. | २ | ३ | ५ | १३ | ६०% |

स्रोत : विद्यालय अभिलेख, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि.र स्कूलचौन उ.मा.वि.का ४२.८५% कक्षाकोठाहरूमा पाठ्युपुस्तकको सुरक्षा छैन । जनता प्रा.वि. का ६०%, खयरबारी

प्रा.वि.का ५०% र शहिद प्रा.वि.का ५०% कक्षाकोठाहरूमा पाठ्यपुस्तकको सुरक्षा छैन । प्राथमिक तहमा अध्ययन गर्ने वालवालिका सानो उमेर (५-११ वर्ष) का भएकाले गर्दा उनिहरूलाई कक्षाकोठामा पाठ्यपुस्तक सुरक्षाको लागि उचित प्रवन्ध विद्यालयले गरिदिनु पर्दछ । जसले गर्दा उनीहरूले आफ्ना पाठ्यपुस्तकहरू सुरक्षित राख्न सक्छन् ।

### ४.२.३ कालोपाटी रखाइको अवस्था

शिक्षण सिकाइलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि कालोपाटीको आवश्यकता पर्दछ, कक्षाकोठा व्यवस्थापनमा कालोपाटी रखाइको अवस्था महत्वपूर्ण हुन आउँछ । शिक्षण सिकाइका क्रममा शिक्षकलाई कालोपाटी अनिवार्य आवश्यकता पर्दछ । यस शोधपत्रमा नमूना छनौटमा परेका विद्यालयहरूमा कालोपाटी सबैतिर प्रयोग गर्ने गरिएता पनि रखाइको अवस्था भने केही समस्या रहेको  छ ।

**तालिका नं. ९ : कालोपाटी रखाइको अवस्था**

| विद्यालयको नाम | कालोपाटी रखाइको अवस्था | | |
|---|---|---|---|
| | कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | कालोपाटी बीचमा भएका कक्षा संख्या |
| भद्रकाली उ.मा.वि | ३० | ७ | ७ |
| स्कूलचौन उ.मा.वि | ३० | ७ | ७ |
| जनता प्रा.वि. | १० | ५ | ५ |
| खयरबारी प्रा.वि | १० | ६ | ६ |
| शहिद प्रा.वि | १३ | ५ | ५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा हरेक विद्यालयको प्रत्येक कक्षाकोठामा वीचमै कालोपाटी राखिने गरिएको छ । तर विचभागमा भए पनि कक्षाकोठाको आकार अनुसार कालोपाटी रखाइ नमिलेको भद्रकाली उ.मा.वि. ले कालोपाटी आकार र रखाइ व्यवस्थापन गर्नु पर्दछ । यसले गर्दा सानो आकारको कालोपाटी भएका कक्षाकोठामा कालोपाटीको आकार बढाउनु पर्ने देखिन्छ ।

## ४.२.४ विद्यार्थी बसाइको अवस्था

कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी वसाइले पनि प्रभाव पार्दछ । कक्षाकोठाको आकार अनुसार विद्यार्थीको वसाइ मिलेको भएमा त्यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सहज रूपमा सञ्चालन गर्न सकिन्छ । कक्षाकोठाको आकार अनुसार विद्यार्थी वसाइ नभएमा विद्यार्थीहरूले कालोपाटीमा लेखेका कुराहरू टिपोट गर्न नसक्ने तथा उनीहरूको ध्यान शिक्षण सिकाइ क्रियाकलापमा नहुनुका साथै शिक्षकले पनि सवै विद्यार्थीहरूलाई निगरानी गर्न सक्दैनन् । अध्ययनका लागि नमूनामा परेका विद्यालयहरूको विद्यार्थी वसाइको अवस्था यस्तो छ :

**तालिका नं. १० : विद्यार्थी बसाइको अवस्था**

| विद्यालयको नाम | बसाइको स्थिति |
|---|---|
| स्कूलचौन उ.मा.वि | २-३ लहर |
| भद्रकाली उ.मा.वि. | २ लहर |
| खयरवारी प्रा.वि. | २ लहर |
| जनता प्रा.वि. | २ लहर |
| शहिद प्रा.वि. | २ लहर |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा हरेक विद्यालयमा वसाइको अवस्था अध्ययन गर्दा विद्यार्थी बसाइको अवस्था पुरानै खालको देखिन्छ । स्कूलचौन उ.मा.वि. का २ वटा कोठाहरू फराकिला भएको कारणले विद्यार्थीहरूको बसाइ ३ लहरमा बस्ने गरेको पाइएको छ । बाँकी विद्यालयका कक्षाकोठाहरू सानो आकारका रहेकाले गर्दा विद्यार्थीको बसाई २ लहरमा मात्र विद्यार्थीको रहेको छ ।

यसप्रकार बसाइको अवस्थालाई अध्ययन गर्दा विद्यार्थीको बसाइ अवैज्ञानिक रहेको अवस्था नै देखिन्छ । वर्तमान समयमा वैज्ञानिक बसाइ व्यवस्थापन अन्तरगत U तथा V वृत्ताकार र अर्धवृत्ताकार बसाइ व्यवस्थापन हुनुपर्ने मान्यता रहेता पनि यस्तो आधुनिक बसाइ व्यवस्थापन हुन नसकेको कारणले गर्दा विद्यार्थीहरूलाई कक्षामा बसी शिक्षकले पढाएको बेला कक्षा क्रियाकलाप गर्न अप्ठेरो महसुश गरेको पाइयो र शिक्षकलाई पनि विद्यार्थीहरूका विचमा गएर क्रियाकलाप गराउन नसकेकोले गर्दा निश्चित समयमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न अप्ठेरो भएको पाइएको छ । यसका लागि पुरानै ढाँचामा विद्यार्थीको बसाइ व्यवस्थापन गरेका यी विद्यालयहरूले कक्षा शिक्षणलाई सजिलो बनाउनका लागि आधुनिक विद्यार्थी बसाइ व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

## ४.२.५ शैक्षिक अनुशासन

कक्षामा शिक्षकले राम्रो र प्रभावकारी शिक्षण गर्नाले विद्यार्थीमा आत्मविश्वास जाग्नुका साथै शिक्षकका असल गुणहरू विद्यार्थीले अनुकरण गर्न सक्दछन् । तसर्थ शिक्षक तथा विद्यार्थी दुवै अनुशासित भएर शिक्षण गर्नुपर्दछ । शिक्षा नियमावलीमा उल्लेख भएका तथा विद्यालयको आवश्यकता हेरी निर्माण गरिएका शिक्षक विद्यार्थी आचर संहिता सवैले पालना गर्नुपर्दछ । यस अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरूको शैक्षिक अनुशासनको अवस्था यस्तो छ ।

**तालिका नं. ११ : शैक्षिक अनुशासन**

| विद्यालयको नाम | कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | न्यून | मध्यम | न्यून प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | ३० | ७ | ५ | २ | ७१.४२% |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | ७ | - | १००% |
| जनता प्रा.वि. | १० | ५ | ४ | १ | ८०% |
| खयरवारी प्रा.वि. | १० | ६ | ४ | २ | ६६.६७% |
| शहिद प्रा.वि. | १३ | ५ | ३ | २ | ६०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि. मा प्राथमिक तहले प्रयोग गरेका ७ वटा कक्षाकोठा मध्ये ५ (७१.४२%) वटा, स्कूलचौन उ.मा.वि. का शतप्रतिशत कक्षाकोठामा शैक्षिक अनुसाशन न्यून रहेको पाइएको छ । जनता प्रा.वि.का ८०% खयरबारी प्रा.वि.का ६६.६७% शहिद प्रा.वि.का ६०% कक्षाकोठाको शैक्षिक अनुसाशन न्यून रहेको छ । यसरी न्यून किसिमको शैक्षिक अनुशासन भएका कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न केही अप्ठेरो देखिएको र विद्यार्थीहरूलाई पनि शैक्षिक अनुशासन सम्वन्धि ज्ञान नभएकोले गर्दा न्यून शैक्षिक अनुशासन भएका कक्षाकोठाहरूमा शैक्षिक अनुशासन कायम राख्नका लागि शिक्षक विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता उल्लेख गर्नुपर्ने देखिन्छ ।

## ४.२.६ विषय कुनाको अवस्था

शिक्षण सिकाइलाई प्रभावकारी बनाउनकालागि कक्षाकोठामा विषय कुनाको आवश्यकता पर्दछ । कक्षाकोठामा शिक्षण गर्नका लागि आवश्यक पर्ने सन्दर्भ सामग्री र

शैक्षिक सामग्रीहरू कक्षाकोठामा भएमा त्यसले प्रभावकारी शिक्षण सिकाइमा सहयोग गर्दछ । यसका लागि हरेक विद्यालयले विषयकुनाको अवस्थामा सुदृढ गर्नु जरूरी छ । यस शोधपत्रका लागि नमूनामा परेका विद्यालयहरूको विषय कुनाको अवस्था यस्तो छ ।

**तालिका नं. १२ : विषय कुनाको अवस्था**

| विद्यालयको नाम | विषयगत छ | विषयगत छैन | जम्मा कक्षा संख्या ( प्रा.वि.) |
|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | २ | ५ | ७ |
| स्कूलचौन उ.मा.वि | ३ | ४ | ७ |
| जनता प्रा.वि. | १ | ४ | ५ |
| खयरवारी प्रा.वि. | २ | ४ | ६ |
| शहिद प्रा.वि. | ३ | २ | ५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई हेर्दा विषय कुनाको अवस्थालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि.का प्रा.वि. तहका ७ वटा कक्षाकोठा मध्ये २ वटा कक्षाकोठामा विषयकुनाको अवस्था विषयगत छ भने बाँकी ५ वटामा छैन । स्कूलचौन उ.मा.वि.का प्रा.वि. तहका ३ वटा कक्षाकोठामा विषयकुनाको अवस्था विषयगत छ भने बाँकी ४ वटामा विषयगत छैन । जनता प्रा.वि. का ४ वटा कक्षाकोठामा विषयकुनाको अवस्था विषयगत छैन भने १ वटामा छ । खयरबारी प्रा.वि. मा ४ वटा कक्षाकोठामा विषयगत छैन भने २ वटामा छ र शहिद प्रा.वि.मा ३ वटा कक्षामा विषयकुनाको अवस्था विषयगत छ भने २ वटामा छैन । यसरी कक्षाकोठामा राखिएका सामग्रीहरू विषयगत नभएकाले गर्दा विषयकुनाको अवस्था विषयगत बनाइ शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन सहयोग गर्नुपर्ने देखिन्छ ।

### ४.२.७ कक्षाकोठाको सजावट

कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक कुरामध्ये कक्षाकोठा सजावट पनि एक हो । कक्षाकोठाको सजावटले पनि शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पार्दछ । कक्षाकोठाको सजावट अन्तरगत कक्षाकोठामा महान व्यक्तिका महानवाणी प्रयोग गरिनु, महान व्यक्तिका तस्विरहरू प्रयोग गरिनु, यसका साथै विद्यार्थीले निर्माण गरेका हस्तनिर्मित सामग्रीहरू प्रयोग गरिनु, कक्षाकोठाको आकार अनुसार विद्यार्थीको बसाइ व्यवस्थित गरी कालोपाटी र कक्षाको भित्ताको अन्य भागहरू सफा राख्नु आदि जस्ता कुराहरू पर्दछन् । कक्षाकोठाको सजावट राम्रो पार्न सकेमा त्यसले कक्षाकोठामा स्वच्छ वातावरण राख्नका लागि सहयोग गरी प्रभावकारी वस्तु वा सामग्री रहनुपर्ने हो सो अनुसार दुरूस्त राख्ने कार्य कक्षाको सजावट हो । यस कार्यमा कक्षाको भुइँ र भित्ताहरूको उपयोग गर्ने कुरा पर्दछन् । कक्षाकोठाको सजावटमा निम्न कुराहरू पर्दछन् ।

सजावट सामूहिक काम हो ।

सजावटको सदुपयोग हुनुपर्दछ ।

यस अध्ययनका लागि नमूनामा परेका विद्यालयको कक्षाकोठाको सजावटको अवस्था यस्तो छ :

**तालिका नं. १३ : कक्षाकोठाको सजावट**

| विद्यालयको नाम | जम्मा कक्षा संख्या | प्रा.वि.का कक्षा संख्या | सजावट भएका कक्षा | सजावट नभएका कक्षा | सजावट नभएको प्रतिशत |
|---|---|---|---|---|---|
| भद्रकाली उ.मा.वि. | ३० | ७ | ४ | ३ | ४२.८५% |
| स्कूलचौन उ.मा.वि. | ३० | ७ | ३ | ४ | ५७.१४% |
| जनता प्रा.वि. | १० | ५ | २ | ३ | ६०% |
| खयरवारी प्रा.वि. | १० | ६ | २ | ४ | ६६.६७% |
| शहिद प्रा.वि. | १३ | ५ | २ | ३ | ६०% |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि.मा प्रा.वि. तहका ४२.८५% कक्षाकोठाहरू सजावट भएका छैनन । स्कूलचौन उ.मा.वि. का ५७.१४% कक्षाकोठाहरू सजावट भएका छैनन । जनता प्रा.वि.का ६०%, खयरबारी प्रा.वि.का ६६.६७% र शहिद प्रा.वि. का ६०% कक्षाकोठाहरू सजावट भएका छैनन् । अध्ययनको क्रममा विद्यालयको स्थलगत अवलोकन गर्दा कक्षाकोठा सजावट नभएका कक्षाकोठा भन्दा कक्षाकोठा सजावट भएका विद्यालयका कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी एवं सहज भएको पाइएको छ । कक्षाकोठामा विषयसँग सम्बन्धित विभिन्न किसिमका पोष्टरहरूले पनि विद्यार्थीहरूलाई सिक्नमा सजिलो बनाएको पाइन्छ ।

## ४.२.८ विद्यार्थी व्यवस्थापन

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्षको रूपमा विद्यार्थी व्यवस्थापन पनि एक हो । विद्यालयमा अध्ययन गर्नका लागि विद्यार्थीहरू विभिन्न पृष्ठभूमिबाट आएका हुन्छन् । त्यसैले तिनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक पृष्ठभूमिका साथै उमेर आकांक्षा र प्रतिभाका हुन्छन् । तसर्थ विविध उमेर, क्षमता, रूचि भएका तथा फरक फरक पृष्ठभूमि भएका वालबालिकालाई एउटै कक्षामा राखी शिक्षण गर्नु एक जटिल कार्य हो । तसर्थ यस्तो अवस्थामा शिक्षकले विद्यार्थीहरूको बसाइ व्यवस्थापन गरी शिक्षण गर्न आवश्यक हुन्छ ।

**तालिका नं. १४ : विद्यार्थी व्यवस्थापनको अवस्था**

| विद्यालयको नाम | प्रा.वि.का कक्षा संख्या | बालवालिका मिलाएर राखेका कक्षा संख्या |
|---|---|---|
| भद्रकाली उ.मा.वि. | ७ | ७ |
| स्कूलचौन उ.मा.वि. | ७ | ७ |
| जनता प्रा.वि | ५ | ५ |
| खयरबारी प्रा.वि | ६ | ६ |
| शहिद प्रा.वि. | ५ | ५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा भद्रकाली उ.मा.वि. का प्राथमिक तहका ७ वटा कक्षाकोठा मध्ये ७ वटा मै विद्यार्थीहरूको बसाइ बालवालिका मिलाएर रहेको छ । स्कूलचौन उ.मा.वि.का ७ वटा कक्षाकोठा मध्ये सवै कोठाहरूमा विद्यार्थीको बसाइ बालवालिका मिलाएर नै रहेको छ । जनता र शहिद प्रा.वि. का ५-५ वटा कक्षाकोठा मध्ये सवै कक्षामा विद्यार्थीको बसाइ बालवालिका मिलाएर नै छ र खयरबारी प्रा.वि.का ६ वटा कक्षाकोठा मध्ये सवै कक्षामा विद्यार्थीको बसाइ बालवालिका मिलाएर नै छ । यसरी सवै विद्यालयहरूले विद्यार्थीहरूलाई बालवालिका मिलाएर नै राखेको पाइएको छ ।

## ४.३ कक्षाकोठा व्यवस्थापनले सिकाइमा पारेको प्रभाव

कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने महत्वपूर्ण स्थान हो । कक्षाकोठा व्यवस्थापनको स्थितिले सिकाइमा ठूलो असर पार्दछ । नेपाल जस्तो विकासोन्मुख देशमा त शिक्षण सिकाइका लागि कक्षाकोठा नै प्रमुख मानिन्छ । कक्षाकोठा व्यवस्थापन अन्तरगत कक्षाकोठाको बनावट, कालोपाटी रखाइको अवस्था, वालमैत्री डेक्सवेञ्च, विद्यार्थीको बसाइ, विषय कुनाको स्थिति, शैक्षिक सामग्री व्यवस्थापन, शैक्षिक अनुशासन आदि कुराहरू पर्दछन् । उपयुक्त कुराहरूको उचित व्यवस्थापन भएमा मात्र शिक्षण सिकाइ प्रक्रिया सहज रूपमा चल्नुका साथै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ । तर, कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने कुराहरू पर्याप्त नभएमा त्यसबाट सिकाइ प्रभावित बन्दछ ।

नेपाल जस्तो विकासोन्मुख देशको अवस्थामा त झन कक्षाकोठा वाहेक अन्य स्थानमा शिक्षण सिकाइ सञ्चालन नै हुन सक्दैन, प्रायः गरी ग्रामीण क्षेत्रका विद्यालयले सुविधा सम्पन्न कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु नै प्रमुख समस्या वनेको छ । सरकारले विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गरेर विद्यालय तथा कक्षा व्यवस्थापनलाई सहज बनाउने प्रयास गरेता पनि व्यवहारिक रूपमा लागू हुन नसकेकोले

गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्थामा सुधार आउन सकेको देखिंदैन । जसले शिक्षण सिकाइ प्रभावित बनेर अपेक्षित शैक्षिक उपलब्धि हासिल हुन सकेको देखिदैन ।

यस अध्ययनका लागि झापा जिल्लाको गौरादह स्रोत केन्द्र अन्तरगतका ५ वटा विद्यालयको शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन शीर्षकमा ३ वटा उद्देश्य राखेर अध्ययन गरिएको छ । नमूना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहको मात्र कक्षाकोठा व्यवस्थापनको स्थिति सिकाइमा पार्ने असर र समस्या तथा समाधानको प्रयास गरिएको छ ।

नमूना छनौटमा परेका सम्पूर्ण विद्यालयहरू ग्रामीण क्षेत्रमा रहेकाले गर्दा यी विद्यालयहरू सुविधा सम्पन्न बन्न नसकेकाले गर्दा कक्षाकोठाको व्यवस्था मजवुत बन्न सकेको छैन । अध्ययनका लागि नमूनामा परेका सम्पूर्ण विद्यालयको छानो टिनको भएकाले गर्दा घाम लाग्दा बढी तातो हुने, पानी पर्दा थर्कने र चिसोमा शीत बढी पर्ने समस्या देखिएका छन् । विद्यार्थीका बसाइका लागि आवश्यक पर्ने डेक्सवेञ्चको संख्या कमी हुनका साथै उमेर अनुसारका डेक्स वेञ्च नहुनाले विद्यार्थीहरूको वसाइमा ठूलो समस्या उत्पन्न भएको छ । वर्तमान समयमा विद्यार्थीको बसाइ बृत्ताकार U आकार र V का आकारमा हुनुपर्नेमा पुरातनवादी नियमको आधारमा नै २ लहरमा बस्ते व्यवस्था भएकाले गर्दा कक्षामा सिकाइसँग सम्बन्धित विविध क्रियाकलाप गर्न गाऱ्हो हुने गरेको छ । शिक्षणलाई प्रभावकारी बनाउन आवश्यक पर्ने शैक्षिक सामग्रीको व्यवस्थापन १/२ विद्यालयमा बाहेक अन्यमा व्यवस्थापन नहुनुले पनि अर्को समस्या उत्पन्न गराएको छ । विद्यार्थीको पाठ्यपुस्तकको सुरक्षाका लागि घर्राको व्यवस्था नभएकाले पुस्तकहरू च्यातिने गरेको पाइएको छ । हालसम्म पनि विद्यालयले कालोपाटी मात्रै प्रयोग गर्ने गरेको र त्यसको रखाइ पनि व्यवस्थित नहुनु अर्को समस्या देखिएको छ ।

कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरूका कारणले गर्दा आज हरेका विद्यालयहरू समस्यामा रूमलिएका छन् । कक्षाकोठाका लागि आवश्यक पर्ने कुराहरूको

व्यवस्थापन हुन नसक्नु नै कक्षाकोठा व्यवस्थापनको समस्या बनेको छ । खास गरिकन कक्षाकोठाका लागि आवश्यक कुराहरूको उचित प्रवन्ध नभएको कारणले कक्षाकोठामा शिक्षण सिकाइको व्यवस्थापन हुन नसकेको देखिन्छ । वर्तमान समयमा बालमैत्री शिक्षण तथा बालमैत्री फर्निचरको व्यवस्थापन हुनुपर्छ भनिएता पनि यस्ता आवश्यक सामाग्रीहरू सर्भसुलभ रूपमा उपलब्ध नहुनु कक्षाकोठा व्यवस्थापनको थप समस्या बन्दै आएको पाइन्छ । यसै क्रममा कक्षाकोठा व्यवस्थापनले सिकाइमा कस्तो असर पार्छ भनि यससँग सम्बन्धराख्ने विभिन्न सरोकारवाला व्यक्तिहरूसँग छलफल गरिएको छ । जनता प्रा. वि. महारानीझोडाका शिक्षक यसो भन्नुहुन्छ-

> *शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन मजवुत नभएको अवस्थामा त्यसले सिकाइमा नराम्रो असर पार्दछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने प्रमुख स्थान कक्षाकोठा भएको कारणले गर्दा यसको उचित व्यवस्थापन हुन नसकेमा शिक्षण सिकाइमा नराम्रो असर परेको पाइन्छ । यस्तै कक्षाकोठा व्यवस्थापनले सिकाइमा पारेको असर नकारात्मक भएमा त्यसबाट शिक्षण सिकाइ क्रियाकलाप अर्थहिन हुन्छ । शिक्षण सिकाइका क्रममा शिक्षक र विद्यार्थी जति सक्रिय हुनुपर्छ त्यसका लागि कक्षाकोठाको वातावरण पनि उत्तिकै राम्रो हुनु पर्दछ ।*

माथिको भनाइको आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान कक्षाकोठा भएकाले गर्दा यसको उचित व्यवस्थापन हुन नसकेमा त्यसले शिक्षण सिकाइमा बाधा उत्पन्न गर्छ र शिक्षक र विद्यार्थीहरू जतिसुकै सक्रिय भएतापनि त्यस्तो सिकाइ अर्थहिन बन्छ यसकालागि कक्षाकोठाको वातावरण राम्रो हुनुपर्दछ ।

कक्षाकोठाको वातावरण राम्रो नभएमा त्यसले पढ्ने पढाउने कुरामा पार्ने प्रभाववारे खयरवारी प्रा.वि. कक्षा ५ का विद्यार्थी यसो भन्छन् -

> *हाम्रो विद्यालय खोलाको छेउमा छ । जाने बाटो पनि अष्ठेरो छ । कक्षामा हामीलाई बस्नका लागि कक्षा पनि सानो छ । डेक्सवेञ्च मुनि घर्रा पनि छैन । पानी पर्दा टिन थर्कन्छ र सरले भनेको कुरा सुनिदैन र घाम लाग्दा पनि टिन तातेर गर्मि*

*हुन्छ । यसले गर्दा हामीलाई पढ्नको लागि समस्या छ । यो पनि ठूलो असर बनेको छ ।*

विद्यार्थीको भनाइका आधारमा कक्षाकोठामा घर्राको व्यवस्था नहुँदा पुस्तकहरू राख्न समस्या हुने र टिनको छानो हुँदा पानी पर्दा थर्कने र घाम लाग्दा तात्ने भएकाले कक्षाकोठामा सिक्ने सिकाउने कुरामा नराम्रो प्रभाव पर्दछ ।

यसरी माथिका भनाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान कक्षाकोठा हो र यसको उचित व्यवस्थापन नभएकाले गर्दा त्यसले शिक्षण सिकाइ क्रियाकलापमा नराम्रो असर पार्दछ । यसरी शिक्षण सिकाइमा नराम्रो असर पर्नु भनेको शिक्षण सिकाइमा सरोकार राख्ने सवै पक्षको लगानी खेर जानु हो । यसरी लगानी खेर गएमा त्यो शिक्षण सिकाइ क्रियाकलाप निरर्थक बन्दछ । सरकारले शिक्षामा गरेको लगानीलाई जोगाउनका लागि विद्यालयहरूले कक्षाकोठा व्यवस्थापनको अवस्था सुदृढ बनाइ निरर्थक हुन जाने लगानीलाई जोगाउनु पर्दछ ।

## ४.४ कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या तथा समाधानका उपायहरू

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान भनेको कक्षाकोठा नै हो । कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो एवं मजवुत नभएमा त्यसले शिक्षण सिकाइ क्रियाकलापमा अवरोध ल्याउँछ । त्यसकारणले गर्दा हरेक विद्यालयहरूले कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूको सही व्यवस्थापन गर्नुपर्दछ । यसका लागि विद्यालयहरूले कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरूको खोजि गर्नु पर्दछ । यसै क्रममा कक्षाकोठासँग सम्बन्ध राख्ने वा सरोकार राख्ने अलग-अलग व्यक्तिहरूसँग समस्याको बारेमा बुझ्ने प्रयास गरी अध्ययनलाई पूरा गरिएको छ । यसैक्रममा गौरादह स्रोतकेन्द्र अन्तरगतका २० वटा विद्यालयहरूको

अवलोकन गर्ने स्रोतव्यक्ति कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या तथा समाधानका वारेमा यसरी बताउनु हुन्छ -

**समस्या**

*म गौरादह स्रोत केन्द्रका २० वटा विद्यालयको अनुगमन गर्छु । मैले अनुगमन गर्ने विद्यालयका अधिकांश कक्षाकोठाको व्यवस्थापन पक्ष कमजोर रहेका पाएको छु । जसले गर्दा विद्यायलको शैक्षिक वातावरणमा समस्या उत्पन्न भएको छ । कक्षाकोठाको आकार साना छन् । विद्यार्थीलाई बस्नका लागि २/३ लहरमा राख्नुले छलफल तथा अन्य क्रियाकलाप गराउन समस्या भएको छ । सवै विद्यालयको कक्षाकोठाको छानो टिनको भएकाले गर्दा पानी पर्दा तथा घाम लाग्दा समस्या हुने गरेको छ । कक्षामा प्रकाशको पर्याप्तता नहुनु पनि अर्को समस्याको रूपमा रहेको छ ।*

**समाधान**

*मैले गौरादह स्रोतकेन्द्र अन्तरगतका विद्यालयको अनुगमन गर्ने क्रममा कक्षाकोठाको व्यवस्थापन कमजोर देखेको छु । कक्षाकोठामा आइपर्ने विभिन्न समस्याहरूबाट कुनै पनि विद्यालय मुक्त हुन सकेका छैनन् । हरेक विद्यालयले यस्ता समस्याहरू समाधान गरी अध्ययन अध्यापनको वातावरण अनुकूल बनाउन सक्नु पर्छ । यसका लागि विद्यार्थीहरूको अनुपातमा कक्षाकोठाको आकार निर्धारण गर्नुपर्छ । त्यस्तै विद्यार्थीको बसाइमा वैज्ञानिकता कायम हुनु पर्छ जसका लागि बृत्ताकार, अर्धबृत्ताकार र U आकारमा विद्यार्थीको बसाइ हुनुपर्छ । विद्यालयको छानो पक्की बनाउनका लागि माथिल्ला निकायहरूसँग विद्यालयले माग गर्नुपर्छ । उल्लेखित कुराहरूको प्रवन्ध विद्यालयहरूले गर्नसकेमा विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ ।*

स्रोतव्यक्तिको भनाइका आधारमा कक्षाकोठाको आकार सानो हुनु, विद्यार्थीको बसाइ २-३ लहरमा हुनु, कक्षाकोठाको छानो टिनको हुनु र प्रकाशको पर्याप्तता नहुनु प्रमुख समस्या हुन भने विद्यार्थीहरूको बसाइ वैज्ञानिक बनाउनु, विद्यार्थी संख्याको अनुपातमा कक्षाकोठाको आकार निर्माण गर्नु, विद्यालयको छानो पक्की बनाउनकालागि माथिल्लो निकायसँग माग गरी कक्षाकोठा व्यवस्थापनको अवस्था मजवुत बनाउनु समस्याका समाधानका उपायहरू हुन ।

यसै क्रममा विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या र समाधानका वारेमा अध्ययनका लागि नमूनामा परेको विद्यालय श्री शहिद प्रा.वि. का प्र.अ. यसो भन्नुहुन्छः

**समस्या -** *शिक्षण सिकाइ क्रियाकलाप सञ्चलन गर्ने ठाउँ कक्षाकोठा नै हो । कक्षाकोठाको अवस्था र सिकाइ बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । कक्षाकोठाको वातावरण राम्रो नभएमा त्यसले सिकाइमा वाधा उत्पन्न गराउँछ । कक्षाकोठा व्यवस्थापन अन्तरगत बालमैत्री डेक्सवेञ्च, विद्यार्थी अनुपातमा कक्षाकोठाको आकार, कालोपाटी रखाइको अवस्था आदिको प्रवन्ध नमिलेमा शिक्षकलाई अध्यापन गराउन र विद्यार्थीलाई अध्ययन गर्न समस्या पर्दछ । हाम्रो ग्रामीण क्षेत्र भएकाले गर्दा यस्ता सुविधाहरू पूर्ण रूपमा सरकारले विद्यालयले उपलब्ध गराउन सकेको छैन । हाम्रो क्षेत्रका विद्यालयमा विद्यार्थी संख्या अनुपातमा शिक्षकहरू नभएकाले गर्दा एकै ठाउँमा कोचाकोच गरी विद्यार्थीहरू राख्नुपर्ने कारणले गर्दा कक्षाकोठाको आकारको तुलनामा विद्यार्थी बढी भएकाले गर्दा कक्षाकोठामा समस्या देखिएको छ । यसका अतिरिक्त विद्यालयमा अन्य स्रोतहरू नभएकाले गर्दा कक्षाकोठा व्यवस्थापन समस्यामा परेको छ ।*

**समाधान -** *कक्षाकोठाको वातावरण राम्रो भएमा बालमैत्री डेक्सवेञ्च, कालोपाटी रखाइको अवस्था बीचमा र शिक्षक विद्यार्थी अनुपात कायम गरी विद्यार्थी*

*संख्या अनुसार विद्यार्थीको बसाइ व्यवस्थापन गर्नुनै कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरू हुन ।*

शिक्षण सिकाइका लागि कक्षाकोठा व्यवस्थापन महत्वपूर्ण भएतापनि कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूको व्यवस्थापन हुन नसकेकाले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा अप्ठेरो स्थिति सृजना हुने भएकाले कक्षाकोठा व्यवस्थापनका लागि चाहिने सम्पूर्ण कुराहरूको व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलापका लागि सहज वातावरण सृजना गर्नु आजको आवश्यकता देखिएको छ ।

कक्षाकोठा व्यवस्थापनमा देखिने समस्या तथा समाधानका वारेमा श्री खयरवारी प्रा.वि.का विद्यालय व्यवस्थापन समिति अध्यक्ष यसो भन्नुहुन्छ :

**समस्या -** *कक्षाकोठा व्यवस्थापन राम्रो हुन नसक्नु नै विद्यालयमा सञ्चालन गरिने सिकाइका लागि बाधक तत्व हो । कक्षामा सिकाउनका लागि ठीक ठाउँ हाम्रा स्कूलमा छैनन् । अधिकांश विद्यालयका भवनहरू विद्यालय स्थापनाको समयमा नै बनेका छन् । त्यतिवेला आवश्यक मात्रामा सम्पूर्ण सामग्रीहरू पूरा नभएकाले गर्दा तत्काल काम चलाउ रूपमा निर्माण गरिएका कोठाहरू आज सबै जीर्ण अवस्था भएकाले गर्दा कक्षाकोठाहरूको अवस्था खराव देखिदैछ ।*

**समाधान -** *यसरी विद्यालयका भवनहरू पुराना भएकाले गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि उपयुक्त किसिमको वातावरण विद्यालयहरूमा छैन । यसले गर्दा जिर्ण अवस्थामा रहेका विद्यालयका भवन तथा कक्षाकोठाहरूलाई समय सापेक्ष रूपमा परिवर्तन गर्नुपर्दछ ।*

यसरी कक्षाकोठाको अवस्था जिर्ण तथा अवैज्ञानिक हुँदा शिक्षण सिकाइ क्रियाकलाप अप्ठेरो हुने भएकाले विद्यार्थी संख्याको अनुपातमा वैज्ञानिक किसिमका कक्षाकोठाहरू निर्माण गरी शिक्षण सिकाइ क्रियाकलापलाई सहज रूपमा सञ्चालन गर्न सहयोग गर्नु पर्दछ ।

विद्यालयका कक्षाकोठाको व्यवस्थापन राम्रो हुन नसकेमा त्यसको प्रत्यक्ष असर शिक्षकलाई पनि पर्दछ वा शिक्षकले पनि समस्या खेप्नु पर्दछ । कक्षाकोठाको व्यवस्थापन राम्रो नभएमा विद्यार्थीको बसाइ व्यवस्थापन लगायत अन्य कुराहरूको प्रवन्ध हुदैन जसले गर्दा अध्यापन गराउन गाऱ्हो पर्दछ । यस्तै कक्षाकोठा व्यवस्थापनका समस्या र समाधानका वारेमा श्री भद्रकाली उ.मा.वि. कोहबरा २ का शिक्षक यसरी बताउनुहुन्छ :

**समस्या तथा समाधान -** *नेपाल जस्तो विकासोन्मुख देशमा शिक्षण सिकाइका लागि कक्षाकोठा नै आवश्यक पर्ने भएकाले हरेक विद्यालयले कक्षाकोठामा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको व्यवस्थापन गरेर सिकाइमा प्रभावकारी बनाउनु पर्ने देखिन्छ । हामी शिक्षकलाई पनि कक्षाकोठा व्यवस्थापन राम्रो भएको ठाउँमा गएर अध्यापन गराउन राम्रो लाग्छ अन्यथा प्रभावकारी सिकाइ हुन सक्दैन ।*

यसरी शिक्षकको प्रतिक्रियाका आधारमा पनि कक्षाकोठाको वातावरण राम्रो भएमा त्यसले शिक्षण सिकाइमा सहजता ल्याउँछ । यसकालागि कक्षाकोठा व्यवस्थापनमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको सही व्यवस्थापन हुन सकेमा त्यसबाट अपेक्षित शैक्षिक उपलब्धि हाँसिल गर्नका लागि सहयोग गर्दछ । यसरी कक्षाकोठा व्यवस्थापनको अवस्था मजबुत भएमा मात्र शिक्षकले प्रभावकारी रूपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्छन् ।

कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या र समाधानका  वारेमा स्कूलचौन उ.मा.वि.का प्र.अ. भन्नुहुन्छ :

**समस्या**

*शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान कक्षाकोठा भएतापनि आज हरेक विद्यालयका कक्षाकोठाहरू समस्या मुक्त हुन सकेका छैनन् । विद्यार्थीहरूलाई बस्नका लागि उमेर र उचाइ अनुसारका फर्निचर नहुनु, प्रकाशको पर्याप्तता नहुनु, झ्यालढोका आवश्यक मात्रामा नहुनु, विषय कुना तथा शैक्षिक सामग्री व्यवस्थापनको उचित प्रवन्ध नहुनु, पाठ्यपुस्तकको सुरक्षाको प्रवन्ध नहुनु, कालोपाटी रखाइमा वैज्ञानिकता नहुनु र कक्षाकोठाको वनावट आधुनिक किसिमको नहुनु कक्षाकोठा व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू हुन् ।*

**समाधान**

*कक्षाकोठा व्यवस्थापनको अवस्था कमजोर भएको कारणले गर्दा कक्षा शिक्षणमा समस्या देखिदै आएको छ । यस्ता समस्याको कारणले गर्दा आज अधिकांश विद्यालयको शैक्षिक गुणस्तर उच्च नहुनुमा कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड पुरा नहुनु एक प्रमुख समस्या हो । विद्यार्थीको उमेर र उचाइ अनुसारका फर्निचर, प्रकाशको पर्याप्तता आवश्यक मात्रामा झ्यालढोका, शैक्षिक सामग्री व्यवस्थापन र कालोपाटी रखाइमा वैज्ञानिकता भएमा शिक्षण सिकाइमा सहजता हुने देखिन्छ ।*

कक्षाकोठामा विद्यार्थीको उमेर र उचाइ अनुसारका डेक्सवेञ्च नहुनु, प्रकाशको पर्याप्तता नहुनु, अवश्यक मात्रामा झ्यालढोका नहुनु, पाठ्यपुस्तको सुरक्षा नहुनु र कालोपाटी रखाइमा वैज्ञानिकता नहुनु जस्ता समस्याहरू रहेकोले गर्दा यस्ता सम्पूर्ण समस्याहरूको समाधान गरेमा कक्षाकोठा व्यवस्थापनको अवस्था सुदृढ हुनका साथै शिक्षण सिकाइमा सहजता हुन्छ ।

कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपायहरूका वारेमा श्री खयरवारी प्रा.वि. कोहबराकी शिक्षिका यसो भन्नु हुन्छ :

**समस्या -** *कक्षाकोठा व्यवस्थापनको अवस्था मजवुत नभएमा विद्यर्थीहरू कक्षामा वस्न र शिक्षकले कक्षाकोठामा गएर अध्यापन गराउनका लागि समस्या पर्दछ । कक्षाकोठाको अवस्था राम्रो नभएमा विद्यार्थीहरूलाई कक्षाकोठामा बसेर सिक्नकालागि असहज हुन्छ । यस्तै विद्यार्थीको उमेर र उचाइ अनुसारका डेक्सवेञ्च नहुनु पनि कक्षाकोठा व्यवस्थापनको एक समस्या हो ।*

**समाधान -** *पाठ्यक्रमले तोकेका निर्धारित किसिमका सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षण सिकाइ, क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान कक्षाकोठा हो । कक्षाकोठामा शिक्षक र विद्यार्थीहरू १० देखि ४ बजे सम्म रहेर विविध विषयमा विषयगत छलफल गर्ने गर्छन् । यसरी लामो समयसम्म कक्षाकोठामा बस्नु पर्ने भएकाले गर्दा विद्यार्थीहरूलाई बस्नका लागि उपयुक्त कक्षाको व्यवस्थापन गर्नुपर्छ । अन्यथा विद्यार्थीहरूले असहज महसुश गर्ने र शिक्षकले पढाएको कुरामा ध्यान नदिने गर्छन । यसका लागि विद्यालयले विद्यार्थीको रूचि, चाहना, क्षमता र उमेर अनुसारका डेक्सवेञ्च लगायत कालोपाटी, पाठ्यपुस्तको सुरक्षा, प्रकाशको प्यवस्था, शैक्षिक सामग्रीको प्रवन्ध मिलाउनु पर्दछ । त्यस्तै कक्षाकोठाको छानो पनि पानी पर्दा नथर्कने र घाम लाग्दा नतात्ने किसिमको हुनुपर्दछ । उक्त कुराहरूको उचित प्रबन्ध भएमा मात्र निर्धारित समयमा पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू कक्षाकोठामा पूरा गर्न सकिन्छ ।*

यसै गरी कक्षाकोठा व्यवस्थापनको समस्या तथा समाधानका वारेमा स्कूलचौनउ.मा.वि.की कक्षा १० मा अध्ययनरत छात्रा यसो भन्छिन :

**समस्या र समाधान -** *हामीलाई १०-४ बजे सम्मका लागि विद्यालयमा बस्ने स्थान कक्षाकोठा नै हो । यसरी हामीले लामो समयसम्म बसेर कक्षाकोठामा नै*

*विविध कुराहरू सिक्नु पर्दछ । लामो समय बस्नका लागि हामीलाई अनुकूल कक्षाकोठाको व्यवस्थापन हुनुपर्दछ । तर हामी पढ्ने हाम्रो वरिपरिका कुनै पनि विद्यालयमा हामीलाई बस्नका लागि र कक्षामा विभिन्न क्रियाकलाप गर्नका लागि असहज किसिमका कक्षाकोठाहरू छन् । पहिलो कुरा त हाम्रो विद्यार्थी अनुपातमा कक्षाकोठाको आकार सानो छ । जसले गर्दा पस्न र निस्कन नै समस्या हुन्छ । त्यस्तै डेक्सवेञ्च पनि हाम्रो उमेर र उचाइ अनुसार छोटा र होचा छन् । जसले गर्दा हाम्रो बसाइ खचाखच रहेको छ । यस्तो अवस्थामा कक्षामा पाठ्यपुस्तक राख्न र शिक्षकहरूले कक्षाकार्य तथा छलफल गराउँदा हामीलाई धेरै अप्ठेरो छ । हाम्रो बसाइ पुरानै ढाँचामा २-३ लहरमा भएकाले गर्दा कक्षामा छलफल तथा अन्य कक्षाकार्य गर्दा शिक्षकहरूलाई र हामीलाई समेत गाऱ्हो पर्दछ । त्यस्तै कक्षाकार्य आफूले अगाडीनै पूरा गरेपनि साथीहरूको विचमा बस्नुपर्ने भएकाले गर्दा उठेर अगाडि आई शिक्षकलाई देखाउन समेत गाऱ्हो हुन्छ । त्यस्तै कक्षामा कालोपाटी पनि हाम्रो उचाइ भन्दा धेरै माथि रहेकाले गर्दा शिक्षकहरूले कालोपाटीमा टिपेका कुराहरू लेख्न हामीले टाउको धेरै उच्चा पार्नुपर्छ । यसले गर्दा एकातिर घाँटी दुख्ने समस्या देखिन्छ भने अर्कातिर पछाडि बस्ने साथीहरूलाई समेत छेलिन्छ । यस्ता यस्ता विविध समस्याहरू हामीले झेलिरहनु परेकोले गर्दा हामीलाई कक्षामा धेरै अप्ठेरो छ ।*

विद्यार्थीको विचारमा पनि पढ्नका लागि कक्षाकोठा व्यवस्थापन राम्रो हुनु पर्दछ भनिएको छ । कक्षाकोठामा फेनको व्यवस्था, प्रकाशको अवस्था, कालोपाटी रखाइ आदि सबै कुराहरू पर्याप्त भएमात्र हामीलाई पढ्न सजिलो हुने थियो । तर, हाम्रा विद्यालयमा हामीलाई आवश्यक पर्ने कतिपय न्यूनतम सूविधा पनि कक्षाकोठामा नभएकाले गर्दा हामीलाई पढ्नका लागि साऱ्है अप्ठेरो भएको छ । यसरी कक्षामा आवश्यक पर्ने सबै कुराहरू पूरा भए हुने थियो । विद्यार्थीहरूले लामो समय कक्षाकोठामा विताउनुपर्ने र शिक्षकले सिकाएका सम्पूर्ण कुराहरू कक्षाकोठामा नै सिक्नु पर्ने भएकाले गर्दा उनीहरूको

उमेर र उचाइ अनुसारका डेक्सवेञ्चहरूको व्यवस्थापन, वैज्ञानिक वसाइ व्यवस्थापन, कालोपाटी रखाइको व्यवस्थापन जस्ता महत्वपूर्ण कुराहरूमा ध्यान दिएर कक्षाकोठालाई शिक्षण सिकाइ अनुकूल बनाउनु पर्छ । यसरी कक्षाकोठा व्यवस्थापनसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवाला व्यक्तिहरूसँग समस्या तथा समाधानका वारेमा छलफल तथा कुराकानीका आधारमा यसो भन्न सकिन्छ :

विद्यार्थीले लामो समय बसेर अध्ययन गर्ने ठाउँ र शिक्षकले पनि आफूमा रहेको ज्ञान, सीप तथा धारणाहरू प्रवाह गर्ने ठाउँ समेत कक्षाकोठा नै हो । जसले गर्दा कक्षाकोठाको व्यवस्थापन राम्रो हुन सकेमा मात्र त्यसले सिकाइमा सहजता ल्याउने गर्छ । सिकाइका लागि कक्षाकोठाको वातावरण उपयुक्त किसिमको नहुँदा शिक्षक तथा विद्यार्थीले त्यसको असर खेपिरहनु परेको देखिन्छ । उपयुक्त विद्यार्थी वसाइको अवस्थाको अभाव, कालोपाटी रखाइको अवस्था अनुकूल नहुनु, शैक्षिक सामग्री व्यवस्थापनमा अनुपयुक्तता आदि प्रमुख समस्याका कारणले गर्दा विद्यालयमा सहज रूपमा सिकाइ सञ्चालन गर्न गाऱ्हो छ । कक्षाकोठाका लागि न्यूनतम रूपमा आवश्यक सामग्रीको अभावका कारणले गर्दा अध्ययनमा परेका विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था मापदण्ड भन्दा कमजोर रूपमा रहेको गर्दा आवश्यक सम्पूर्ण सामग्रीहरूको व्यवस्थापन गरी कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्नुपर्ने देखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

कुनै पनि अध्ययन एवं अनुसन्धानको अन्त्यमा पूरा अनुसन्धानबाट प्राप्त कुराहरूलाई उल्लेख गरी निष्कर्षमा पुग्नुपर्दछ । अन्यथा अध्ययन पूर्ण हुदैन । यस खण्डमा खास गरी अध्ययनलाई वास्तविक रूपमा गहिरिएर हेरी प्राप्त कुराका आधारमा अध्ययनकर्ताले निष्कर्ष र आवश्यकता अनुसार सुझाव दिनुपर्दछ । यसै गरी यस अध्ययनमा पनि प्राप्त सार कुराहरूका आधारमा निम्नानुसारको निष्कर्ष निकाली सोही अनुसार सुझावहरू दिइएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनलाई पूरा गर्नको लागि नमूना छनौटमा परेका उक्त स्रोतकेन्द्र अन्तर्गतका ५ वटा विद्यालयका प्राथमिक तहसम्मको कक्षाकोठा व्यवस्थापनको अवस्थालाई अध्ययन गर्दा निम्न कुराहरू प्राप्त गरिएको छ ।

सिकाइका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरूको व्यवस्थापन गर्नका लागि उपयुक्त किसिमका कक्षाकोठाहरू नभएको पाइयो । कतिपय विद्यालयका कक्षाकोठाहरू अबैज्ञानिक र पुरानो आकारका पाइयो । विद्यार्थीको उमेर र उचाई अनुसारका फर्निचरहरू कम मात्र पाइयो । नमूना छनौटमा परेका कुनै पनि विद्यालयमा बालमैत्री वातावरणमा रहेर शिक्षण नगरेको पाइयो । कतिपय विद्यालयका भवनहरूमा टीनको छानो लगाएकोले गर्दा गर्मी मौसममा तात्ने र जाडो मौसममा बढी चिसो भएर शीत पर्ने गरेको पाइयो । नमूना छनौटमा परेका विद्यालयहरूको कक्षाकोठा व्यवस्थापनको अध्ययन गर्दा कक्षाकोठाको वातावरण भने सबैतिर सफा पाइएको छैन । सबै विद्यलयका कक्षाकोठामा उचित प्रकाशको व्यवस्था नभएको पाइयो । विद्यार्थी संख्याको अनुपातमा कक्षाकोठाको आकार सानो भएकाले गर्दा समूह छलफल गराउनका लागि आवश्यक स्थान नभएको पाइयो । झ्याल, ढोका मजबुत नभएको हुंदा कक्षाकोठामा राखिएका शिक्षण सामग्रीहरूको व्यवस्थापन हुन सकेको छैन । कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा डेक्सबेञ्च बढी र कुनैमा कमी पाइयो ।

सबै विद्यालयका सबै कक्षाकोठामा शिक्षक विद्यार्थी आचार संहिता उल्लेख नगरेको पाइयो । प्रत्येक विद्यालयले लेख्नका लागि कालोपाटी नै प्रयोग गरेको पाइयो ।

प्राय: विद्यालयहरूमा अध्यापन गर्ने अधिकांश शिक्षकहरूलाई कक्षाकोठा व्यवस्थापनको अवधारणा नभएको पाइयो । नमूनामा परेका विद्यालयहरूमा शैक्षिक अनुशासनको अवस्था न्यून पाइयो भने विषयकुनाको अवस्था पनि राम्रो छैन । विद्यालय अनुसार कक्षाकोठाको सजावट गर्ने तरिका र विद्यार्थी वसाइ व्यवस्थापन पनि फरक-फरक नै देखिएको छ । कतिपय विद्यालयमा पाठ्यपुस्तकको सुरक्षाको व्यवस्था केहीमा छ भने केहीमा छैन । शिक्षण सिकाइ क्रियाकलापको स्थिति र शैक्षिक सामग्री व्यवस्थापनको अवस्थापनि राम्रो छैन ।

विद्यार्थी वसाइ अनुसार कालोपाटी रखाइको अवस्था नमिलेकोले गर्दा कतिपय अवस्थामा शिक्षकले कालोपाटीमा लेखेका कुरा पढ्न तथा लेख्नको लागि अफ्ठेरो महशुस गरेको पाइयो ।

## ५.२ निष्कर्ष

शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव भन्ने शीर्षकमा गरिएको यस अध्ययनबाट निम्न अनुसार निष्कर्षमा पुग्न सकिन्छ :

यदि कक्षाकोठाको वातावरण अनुकूल नभएमा विद्यार्थीहरूले लामो समयसम्म रहेर कुनै पनि कुराहरू सिक्न सक्दैनन् । त्यसैले गर्दा कक्षाकोठा व्यवस्थापनमा पर्ने सम्पूर्ण कुराहरूको उचित प्रवन्ध विद्यालयले मिलाउन सक्नु पर्दछ ।

भौतिक संरचना, झ्याल ढोका, कक्षाकोठाको साईज, छाना, बस्ने सामग्रीका दृष्टिकोणले कक्षाकोठा व्यवस्थापन मजबुत हुनुपर्दछ । जसले गर्दा बालबालिकालाई सिक्नको लागि हौसला प्राप्त हुन्छ भने शिक्षकले समेत उपयुक्त वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्दछ । यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

अध्ययनको लागि नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत अध्ययन गर्दा अधिकांश विद्यालयहरूमा विद्यालय संख्याको आधारमा कक्षाकोठाको आकार नमिलेको पाइन्छ ।

शिक्षण सिकाइको लागि आवश्यक पर्ने सामग्रीहरूको उचित व्यवस्थापन हुन सकेको छैन । कक्षाकोठा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्रीहरू विद्यालयले उपलब्ध गराउन सकेको छैन । विद्यार्थी बसाइको आधारमा कालोपाटीको स्थान नमिलेको देखिन्छ । कक्षाकोठाको आकार सानो भएकोले गर्दा विद्यार्थीहरूलाई समुह बनाइ छलफल गर्न नसकेको देखिन्छ । कक्षाकोठामा स्थानीय स्रोत र साधनबाट नियमित कम मूल्य पर्ने वा मुल्य विहिन सामग्रीहरूको प्रयोग तथा व्यवस्थापन हुन सकेको छैन । कक्षाकोठाहरूमा झ्यालढोकाको उचित व्यवस्था हुन सकेको छैन । कक्षाकोठाको लागि आवश्यक पर्ने प्रकाशको ब्यवस्था, हावाको प्रवाह, तापक्रमको स्थिति, बाहिरी आवाज, नियन्त्रणको अवस्था खासै राम्रो पाइएको छैन । कक्षाकोठामा विद्यार्थीहरूको बसाइ उचित तरिकाले हुन सकेको छैन । अधिकांश विद्यालयमा पुरानै पारामा दुई लहरमा विद्यार्थीको बसाइ देखिन्छ । कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गरि शिक्षण सिकाइमा प्रभावकारीता ल्याउनुका साथै कक्षाकोठालाई सिकाइ अनूकुल बनाउन सकिन्छ ।

## ५.३ सुझावहरू

शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव विषयको शोधपत्र तयार गर्ने क्रममा यस शोधपत्रको अध्ययन क्षेत्र अन्तर्रगतका नमूना छनौटमा परेका विद्यालयहरूका सम्बन्धित सरोकारवाला विद्यार्थी, शिक्षक, वि.व्य.स. अध्यक्ष, प्र.अ. र स्रोतव्यक्ति लगायत अन्य सरोकार राख्ने सवै पक्षसँगको छलफल, अन्तरक्रिया, प्रश्नावली, अन्तर्रवार्ता का आधारमा प्राप्त गरिएका समस्याहरू र निष्कर्षका आधारमा निम्न अनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.३.१ नीति निर्माण तह

कुनै पनि कुराको नियम तत्काल निर्माण गरि भविष्यमा मात्र लागू गराउने कुरा नै नीति निर्माण हो । यसै अन्तरगत यो शोधपत्र शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव शीर्षक अन्तर्रगत नीति निर्माण तहका लागि यसप्रकारका सुझावहरू दिन सकिन्छ ।

जवसम्म विद्यालयहरूको कक्षाकोठा व्यवस्थापन मजवुत बन्न सक्दैन तवसम्म गुणस्तरीय शिक्षा नारामै मात्र सिमित रहन्छ । त्यसैले पाठ्यक्रमले तोकेका अपेक्षित शैक्षिक उपलब्धि हाँसिल गर्नका लागि विद्यालयहरूका कक्षाकोठाको अवस्था मजवुत बनाउनु पर्दछ । यसका लागि विद्यार्थी संख्याको अनुपातमा कक्षाकोठाको आकार, फर्निचरको पर्याप्तता, झ्यालढोकाको अवस्था, कक्षाकोठाको सरसफाइ, प्रकाशको पर्याप्तता, पाठ्यपुस्तको सुरक्षा, कालोपाटी रखाईको अवस्था, शैक्षिक सामग्री व्यवस्थापन आदि जस्ता कुराहरू जुन कक्षाकोठाका लागि आवश्यक पर्दछन् यी कुराहरूको उचित व्यवस्थापन गर्नका लागि विद्यालयले सम्बन्धित निकायसँग पहल गर्नु पर्ने देखिन्छ र वर्तमान समयमा पनि कालोपाटीको प्रयोग गरि रहेका कक्षाकोठामा सेतोपाटी प्रयोग गर्नुपर्ने देखिन्छ । सिकाइलाई प्रभावकारी बनाउकालागि कक्षाकोठामा शैक्षिक सामग्री व्यवस्थापन र कक्षाकोठा सजावट अनिवार्य गरिनु पर्दछ । नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्रगतको शिक्षा विभागले भौतिक व्यवस्थापन सम्बन्धि नीति निर्माण गर्दा भौगोलिकतालाई ख्याल गरी समय सापेक्ष देशको आवश्यकता अनुरूपको नीति निर्माण  गर्न जरूरी देखिन्छ ।

कक्षाकोठा व्यवस्थापनको अवस्थालाई प्रभावकारी बनाउनका लागि विद्यालय रहेको स्थान र विद्यालयको सेवा क्षेत्रको आधारमा सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना गर्दा कक्षागत रूपमा कोटा निर्धारण गरिनु पर्दछ । यसका लागि पनि नीति निर्माण तहले वेलैमा ध्यान दिनु पर्दछ । शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने र

तालिम पश्चात शिक्षण सिकाइ गर्दा कक्षाकोठामा त्यसको प्रयोग भयो कि भएन भन्ने कुरा सम्बन्धित निकायबाट अनुगमन गरिनु पर्दछ र शिक्षण सिकाइमा देखिएका समस्याहरू शिक्षकले देखाएमा त्यसको समाधान विद्यालयले गरि सिकाइमा सहज वातावरण सृजना गरिनु पर्दछ । जसले गर्दा कक्षाकोठाको व्यवस्थापन राम्रो हुनुका साथै शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुने भएकाले गर्दा नीति निर्माण गर्ने निकायले समयमा नै सोचेर सोही अनुसारको नीति निर्माण गर्न आवश्यक देखिन्छ ।

## ५.३.२ अभ्यास तह

समुदायमा रहेका विद्यालयहरूको कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो पार्नका लागि समुदायले समेत पहल गर्नुपर्दछ जसले गर्दा समुदायबाट विद्यालयमा अध्ययन गर्न आउने वालबालिका लागि कक्षाकोठा अनुकूल हुन्छ । कक्षाकोठाको वातावरण राम्रो भएमा शिक्षण सिकाइ क्रियाकलाप पनि प्रभावकारी बन्दछ । कक्षाकोठामा शैक्षिक सामग्रीको व्यवस्थापन, फर्निचरको पर्याप्तता, प्रकाशको प्रर्याप्तता, कालोपाटी रखाइको व्यवस्थापन, जस्ता पक्षको सुधार ल्याउनु पर्दछ । यस्ता कुराहरू विद्यालयमा भए पनि कतिपय अवस्थामा पर्याप्त भएता पनि उचित व्यवस्थापन शिक्षण सिकाइ प्रभावकारी नहुने भएकाले गर्दा कार्यान्वयन पक्षले कार्यान्वयन गर्नका लागि सहयोग गर्नुपर्दछ । विद्यालयको कक्षाकोठा व्यवस्थापन मजवुत वनाउनका लागि माथिल्ला निकायको पनि महत्वपूर्ण भूमिका हुन्छ । विद्यालयहरूको नियमीत रूपमा अनुगमन तथा निरिक्षणको व्यवस्था सम्बन्धित निकायका पदाधिकारीहरूले गर्नुपर्दछ । यसका लागि कुन विद्यालयमा कुन कुराको आवश्यकता छ अर्थात कक्षाकोठामा के कुरामा कमी छ ? भन्ने कुराहरू पहिचान गरी अपुग रहेका कुराहरूको व्यवस्थापन गर्नुपर्दछ । कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने न्यूनतम कुराहरूको व्यवस्थापन गरि शिक्षण सिकाइलाई प्रभावकारी वनाइ लागू गरिनुपर्दछ ।

## ५.३.३ अनुसन्धान तह

यस अध्ययनबाट शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव सम्बन्धमा निम्न विषयमा खोजी गर्नु पर्ने हुन्छ ।

सरकारले भौतिक व्यवस्थापन, वाह्य वातावरण व्यवस्थापनका नाममा वजेट निकासा गरेपनि त्यो वजेट सवै विद्यालयहरूमा नपुगेको देखिन्छ । जसले गर्दा विद्यालयहरूमा भवन तथा भौतिक सुविधाहरूको अभावले गर्दा सिकाइमा नराम्रो प्रभाव पार्दछ । प्रभावकारी सिकाइका लागि कक्षाकोठा व्यवस्थापनको अवस्थाले प्रभाव पार्ने भएकाले गर्दा विद्यालयको भौतिक सुविधा अन्तरगत भवन तथा कक्षाकोठा निर्माणका लागि आवश्यक पर्ने बजेट निकासा गरि सिकाइमा सहजता ल्याउन सकिन्छ । कक्षाकोठामा फर्निचरको व्यवस्थापन, कालोपाटी रखाइको अवस्था, प्रकाशको पर्याप्तता, विद्यार्थी व्यवस्थापन जस्ता कुराहरूको उचित व्यवस्थापन भएमा त्यसले सिकाइमा सहजता देखाउछ । शिक्षकहरू तालिम प्राप्त भएपनि उनीहरूले तालिमबाट सिकेका कुराहरू कक्षाकोठामा लागू गराउनका लागि कक्षाकोठाको वातावरण उचित छ कि छैन भन्ने कुरा खोजी गर्नु आवश्यक देखिन्छ । वि.व्य.स. अध्यक्ष र प्र.अ. ले माथिल्लो निकायसँग छलफल गरी कक्षाकोठामा आवश्यक पर्ने सम्पूर्ण कुराहरूको व्यवस्थापन गरिदिनु पर्दछ । जसले गर्दा सिकाइका लागि अनुकूल वातावरण तयार हुन्छ । यदि कक्षाकोठाको वातावरण अनुकूल नभएमा त्यसले शिक्षण सिकाइमा नराम्रो असर गर्ने गर्दछ । कतिपय अवस्थामा शिक्षकहरूले आफ्नो जिम्मेवारी वहन नगर्ने हुँदा पनि पाठ्यक्रमले राखेका अपेक्षित उपलब्धि हासिल गर्न सकिदैन । यसले गर्दा शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि यससँग सरोकार राख्ने सम्पूर्ण पक्षहरूको उचित व्यवस्थापन गरि पाठ्यक्रमले राखेका अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न र विद्यार्थी तथा शिक्षकहरूलाई सहज रूपमा अध्ययन अध्यापन गर्न गराउन समेत सम्पूर्ण पक्षहरूले ध्यान दिनु पर्दछ । यसका

लागि कुन क्षेत्रबाट के कति सहयोग गर्नु पर्ने सो विषयमा पनि थप अनुसन्धान गरि शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापनको प्रभाव राम्रो बनाउनु पर्ने देखिन्छ ।

# सन्दर्भ सामग्रीहरू


अधिकारी, विष्णुप्रसाद (२०६९), *प्राथमिक दिग्दर्शन,* काठमाण्डौः आशिष बुक्स हाउस प्रा.लि.,

काफ्ले, बासुदेव र पौडेल गिरीराज (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : जुपिटर पब्लिकेशन प्रा.लि. ।

कोईराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धती,* काठमाडौः सनलाईट पब्लिकेशन किर्तिपुर ।

थापा, गोविन्द (२०६४), *माध्यमिक तहमा कक्षाकोठा व्यवस्थापनको अवस्था,* एम.एड. को अप्रकाशित शोधपत्र, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि., किर्तिपुर ।

पाठक, इन्दिरा (२००५), *मानव श्रोत व्यवस्थापनमा प्र.अ.को भूमिका,* एम.एड. को अप्रकाशित शोधपत्र शिक्षाशास्त्र केन्द्रिय विभाग, त्रि.वि. काठमाडौं ।

वस्नेत, सम्झना र श्रेष्ठ चन्द्र बहादुर (२०६१, शिक्षण पद्वति, काठमाण्डौं : भूडिँपुराण प्रकाशन ) ।

भट्टराई, होमनाथ (२०६५), *शिक्षाको परिचय,* काठमाडौः इन्क्लुसिभ प्रकाशक तथा वितरक प्रा.लि. कालिमाटी ।

भट्टराई, सरस्वती (२०६५), *समूदायद्वारा ब्यवस्थित गरिएका प्राथमिक विद्यालयको स्रोत व्यवस्थापन,* एम.एड. को अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग, त्रि.वि. किर्तिपुर ।

शर्मा एण्ड शर्मा (२०६५), *शिक्षाका आधारहरू,* काठमाडौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी ।

शर्मा, गोपिनाथ (२०६१), *नेपालको शैक्षिक इतिहास,* काठमाडौः लुम्बिनी पुस्तक भण्डार ।

शिक्षा विभाग, (२०६२), *प्राथमिक वालविकाश दिग्दर्शन ।*

*शिक्षक मासिक पत्रिका,* श्रावण (२०६७), ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि., पूर्वचण्डि मार्ग, जाउलाखेल, ललितपुर ।

Bista, Uttamdev (2004). *Study of Resources management in Primary School of Darchula District:* Unpublished M. Ed. Thesis, Cerntral Deparment of Educational Planning and Management, T.U., Kathmandu.

CERID (2002). *Study Report. Formative Research Project,* Kathmandu: T.U.

Nepal, Bimal (2066). *Human Resource Management in Primary Level of Sunsari* District Unpublished M. Ed. Thesis, Cerntral Department of Education T.U., Kirtipur.

Weihrich H. and Koontz H. (1993). *Management of global perspective (10th ed)* New York: MCGRAW-HILL International Editions.

www.google.com.k6,(2008) page No.36

www.google.com .k.7,(2008) *Page No. 36*

# अनुसुची - १

## शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन

मैले यस शोधपत्रलाई पूरा गर्नका लागि केही प्रश्नहरू निर्माण गरी यहाँ समक्ष पठाएको छु, ती प्रश्नहरूको उत्तर दिई मलाई यो शोधपत्र पूरा गर्न सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**प्रधानाध्यापकसँग सोधिएका प्रश्नहरू:**

I. तपाइको विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

II. कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू के के छन् ?

उत्तर : ..........................................................................................

III. कक्षाकोठामा विद्यार्थीहरूले केही समस्या देखाएका छन् ?

उत्तर : ..........................................................................................

IV. कक्षाकोठा व्यवस्थापनको अवस्था सुधार्न प्रशासनले के गर्दैछ ?

उत्तर : ..........................................................................................

**बहुबैकल्पिक प्रश्नहरू**

I. तपाईको विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

क) ठीक छ   ख) ठीकै छ   ग) कमी छ   घ) अनुपयुक्त छ

II. तपाईको विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले कक्षाकोठामा देखिएका समस्याहरू वेला-वेलामा देखाउने गरेका छन ?

क) देखाउँछन्   ख) देखाउँदैनन   ग) कहिलेकाही   घ) कहिल्यै

III. विद्यालयमा देखिएका कक्षाकोठा व्यवस्थापन सम्बन्धि समस्याहरू सुझाउन के गर्नुपर्ला?

क) पि.टी.ए. सँग छलफल ख) ब्यवस्थापन समितिसँग

ग) शिक्षकसँग घ) विद्यार्थीसँग

IV. कक्षाकोठा व्यवस्थापन सम्बन्धीका समस्या समाधान गर्न तपाईको विचारमा के गर्नुपर्ला ?

क) सरकारले नियम लागू गर्ने ख) कोटा तोक्ने

ग) जिम्मेवार बन्ने घ) शिक्षक

# अनुसुची - २

## शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन

मैले यस शोधपत्रलाई पूरा गर्नका लागि केही प्रश्नहरू निर्माण गरी यहाँ समक्ष पठाएको छु, ती प्रश्नहरूको उत्तर दिई मलाई यो शोधपत्र पूरा गर्न सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

### शिक्षकसँग सोधिएका प्रश्नहरू

I. तपाईले अध्यापन गर्ने विद्यालयमा कक्षाकोठाको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

II. विद्यार्थीलाई सिकाइका लागि उपयुक्त वातावरण छ / छैन ?

उत्तर : ..........................................................................................

III. कक्षाकोठा व्यवस्थापनका समस्याहरू विद्यालयले समाधान गर्न सकेको छ / छैन ?

उत्तर : ..........................................................................................

### बहु बैकल्पिक प्रश्नहरू

I. तपाईले शिक्षण गर्दा कक्षाकोठामा समस्या पर्छ कि पर्दैन ?

क) पर्छ    ख) पर्दैन    ग) कहिले काँही    घ) कहिल्यै

II. विद्यार्थीको अनुपातमा कक्षाकोठाको आकार छ ?

क) छ    ख) छैन    ग) कुनै-कुनै    घ) कुनै पनि छैन

III. कक्षाकोठाको उचित व्यवस्थापन नभएमा शिक्षण गर्न समस्या पर्छ कि पर्दैन ?

क) पर्दैन    ख) पर्छ    ग) खासै पर्दैन    घ) अलि-कति मात्र

IV. कक्षाकोठामा कालोपाटी प्रयोग गर्दा विद्यार्थीहरूलाई समान छ/छैन ?

क) छ        ख) छैन        ग) आधा-आधा        घ) छेउमा छ

V. कक्षाकोठामा फर्निचर पर्याप्त छन/छैन ?

क) छन्        ख) छैनन्        ग) केही कमी मात्र    घ) समस्या छ

VI. शिक्षण गर्दा तपाई कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?

क) गर्छु        ख) गर्दिन

# अनुसुची - ३
# शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन

## विद्यार्थीसँग सोधिएका प्रश्नहरू

I. तिमी पढ्ने विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?
II. कक्षाकोठामा बस्दाखेरी के - के समस्या पर्छन् ?
III. आइपरेका समस्याहरू देखाउदा प्र. अ. ले के भन्नु हुन्छ ?

## बहुबैकल्पिक प्रश्नहरू

I. कक्षामा बस्ने डेक्सवेञ्च पर्याप्त छन/छैनन ?
क) छैनन  ख) छन  ग) दु:खले मात्र
II. कक्षामा बस्दा किताव राख्ने व्यवस्था छ/छैन ?
क) छ  ख) छैन
III. कालोपाटीमा शिक्षकले लेखेका कुरा राम्ररी हेर्न सक्छौ ?
क) सक्छु  ख) सक्दिन
IV. पानी पर्दा सरले पढाएको सुनिन्छ ?
क) सुनिदैन  ख) सुनिन्छ
V. गर्मीमा कक्षाकोठामा बस्दा कस्तो महसुश हुन्छ ?
क) अप्ठेरो  ख) सजिलो
VI. कक्षाकोठामा शैक्षिक सामग्री राखिएका छन्/छैनन ?
क) छैनन  ख) छन
VII. कक्षामा बस्दा डेक्सवेञ्च पूरा छन/छैनन ?
क) छन  ख) छैनन
VIII. कक्षाकोठामा झ्याल ढोका तथा पङ्खाको व्यवस्था छ ?
क) छैन  ख) छैन

# अनुसुची - ४

## शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन

मैले यस शोधपत्र लाई पूरा गर्नका लागि यहा समक्ष केही प्रश्नहरू पठाएको छु, ती प्रश्नहरूको उत्तर दिई मेरो यो शोधपत्र लाई पूरा गर्नका लागि सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**अध्यक्षसँग सोधिएका प्रश्नहरू** :

I. तपाई अध्यक्ष भएको विद्यालयका कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

II. अध्यक्षको नाताले कक्षाकोठा व्यवस्थापनको अवस्था सुधार्न के गर्नुहुन्छ ?

III. तपाइले कक्षाकोठाको अवस्था अनुगमन गर्नु भएको छ ?

**बहुबैकल्पिक प्रश्नहरू**

I. विद्यालयमा अनुगमन गरी वस्तुस्थिती बुझ्ने गर्नुभएको छ ?

क) छ　　ख) छैन　　ग) कहिले काँही　　घ) खाली समयमा

II. तपाई अध्यक्ष भएको विद्यालयमा कक्षाकोठाको अवस्था कस्तो छ ?

क) राम्रो　　ख) राम्रै　　ग) ठिकै　　घ) कम छ

III. कक्षाकोठा ब्यवस्थापनको अवस्थाले गर्दा विद्यार्थीको सि.उ.मा कस्तो प्रभाव पार्दछ ?

क) राम्रो　　ख) नराम्रो　　ग) प्रभाव पार्छ　　घ) छैन

IV. वि.ब्य.स. ले कक्षाकोठा सम्बन्धी देखिएका समस्या सुझाउन के गर्दछ ?

क) अनुगमन　　ख) शिक्षक समिती छलफल

ग) चेतना कार्यक्रम　　घ) अन्तरक्रिया

# अनुसुची ५

# शिक्षण सिकाइमा कक्षाकोठा व्यवस्थापन

मैले यो शोधपत्रलाई पूरा गर्नका लागि यहाँ समक्ष केही प्रश्नहरू पठाएको छु, ती प्रश्नहरूको सही उत्तर दिई मेरो यो शोधपत्र पूरा गर्नका लागि सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

## स्रोतव्यक्तिसँग सोधिएका प्रश्नहरू :

I. तपाईले अनुगमन गर्ने विद्यालयको कक्षाकोठाको अवस्था कस्तो छ ?

II. तपाई स्रोतव्यक्तिको नाताले विद्यालयका कक्षाकोठा सुधार गर्न कस्तो सुझाव दिनुहुन्छ ?

III. तपाईले अनुगमन गर्ने विद्यालयमा कक्षाकोठा व्यवस्थापन सम्बन्धि समस्याहरू कत्तिको देखिन्छन् ?

IV. विद्यालयहरूले कक्षाकोठा ब्यवस्थापनको अवस्था सुधार गर्नका लागि तपाईसँग सल्लाह सुझाव लिने गरेका छन् कि छैनन् ?

## बहुबैकल्पिक प्रश्नहरू

I. तपाईले अनुगमन गर्ने विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

क) सामान्य ख) मध्यम

II. कक्षाकोठा ब्यवस्थापन मजवुद नभएका विद्यालयको शैक्षिक अवस्था कस्तो छ ?

क) सामान्य ख) न्यून

III. स्रोत केन्द्र भित्रका विद्यालयमा विद्यार्थीको बसाइ व्यवस्थापन कस्तो छ ?

क) अवैज्ञानिक ख) वैज्ञानिक

IV. विद्यालयहरूले कक्षाकोठा व्यवस्थापन सुधार गर्न तपाइसँग छलफल गर्छन ?

क) गर्दैनन ख) गर्छन

V. तपाईले अनुगमन गर्ने विद्यालयमा वाहिरी होहल्लाले कक्षाको वातावरण प्रदुषित पारेको छ/छैन ?

क) छ  ख) छैन

VI. कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाई क्रियाकलापमा कस्तो असर पार्दछ ?

क) राम्रो  ख) नराम्रो  ग) दुवै प्रकारको  घ) कुनै पनि होइन

VI. विद्यालयमा भएको टिनको छानो तात्दा कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुन्छ कि हुदैन ?

क) हुन्छ  ख) हुदैन

VII. तपाईको स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरूका कक्षाकोठामा प्रकाश सम्बन्धि समस्या छ कि छैन ?

क) छ  ख) छैन